# नेपालगञ्ज र दाङको मिडिया
# केही आशा केही निराशा

कृष्ण अधिकारी

**परिचय**

मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम र भेरी अञ्चलको अञ्चल सदरमुकाम भएको वाँके जिल्ला नयाँमुलुक भनेर चिनिने चार जिल्लामध्येको एउटा जिल्ला हो। राणा प्रधानमन्त्री जङ्गवहादुरले अङ्ग्रेज शासकहरूलाई खुसी वनाई उक्त चार जिल्ला वकस पाएका थिए। वाँके जिल्लामा मुख्य गरेर २ मूलका नागरिक भेटिन्छन्– तराई मूल र पहाडी मूल। यस जिल्लामा वसोवास गर्नेमध्ये ६० प्रतिशत भन्दा वढी वासिन्दा तराई मूलका छन्। यो समूहमा  तीन थरीका वासिन्दा रहेका छन्– देशी, मुसलमान र थारू। ३० प्रतिशत भन्दा कम जनसङ्ख्या रहेका पहाडी मूलका वासिन्दाहरू नै यस क्षेत्रका प्रतिनिधि र व्यवस्थापक रही आएका छन्। नेपालगञ्ज यातायातका हिसावले पश्चिम क्षेत्रको केन्द्र हो। सुर्खेत, महेन्द्रनगर, धनगढी, दाङ, वुटवल लगायत अधिराज्यको अन्य प्रमुख सहरहरूमा नियमित वस सेवा छ। त्यस्तै राजधानी लगायत यस भेगका पहाडी तथा हिमाली केही जिल्लाहरूमा हवाई सेवा चालु छ।

भारतको उत्तरप्रदेशको उत्तरी नाकामध्ये रूपेडिया, नानपारा, वहराइच नेपालीहरूको पनि वजार हो। भारतको उत्तरप्रदेश राज्यको सामाजिक अवस्था र नेपालगञ्जको अवस्था रहनसहन भाषा, जीवनशैली, संस्कारहरू पनि एकै किसिमका छन्। यस भेगमा अवधी भाषा प्रचलीत छ भने हिन्दी दोस्रो भाषा रहेको छ। यसको अलावा सीमा वारि र पारि पनि फाट्टफुट्ट नेपाली भाषा वोल्नेहरू पनि छन्। भारतीय मूलका हिन्दीभाषीहरू पनि आफ्नो व्यापार वढाउन जानी नजानी भएपनि नेपाली ग्राहकसँग नेपाली भाषा वोल्न खोज्नेहरू धेरै नै देखिन्छन्।

सञ्चारका दृष्टिकोणले यो क्षेत्र पिछडिएको छ। रेडियो नेपालको प्रसारण स्पष्टसँग नसुनिने, नवुझिने हुँदा सीमापारिवाट वज्ने अलइन्डिया रेडियो, असम रेडियो जस्ता भारतीय मिडियाका समाचारहरू नै यस भेगका मानिसका लागि समाचारका स्रोत वनेका थिए। काठमाडौंवाट प्रकाशित पत्रिकाहरू १५ दिनपछि मात्र आउने गर्दथे। यस अवस्थामा आफ्नै ठाउँको घटना वा समाचारहरू देख्न सुन्नको लागि भरपर्दो सञ्चार साधनको आवश्यकता महसुस गरी छापा पत्रकारिता गर्नको लागि २०११ सालमा  महावीर गुप्ताको सम्पादनवाट सुरु भएको पत्रकारिताले २०३१ सालमा आएर मात्र निरन्तर हुने मौका पाएको थियो। त्यस वीचमा जति पनि पत्रिकाहरू प्रकाशित भए सवै अनियमित वा वन्द नै भएका देखिन्छन् (चुके २०५५:९)।

दाङ राप्ती अञ्चलको अञ्चल सदरमुकाम हो। भित्रीमधेशको यो जिल्लामा मुख्य गरेर तराई र पहाडी मूलका वासिन्दा छन्। तराई मूलमा थारू समुदाय वढी छन्। यस ठाउँका वहुसङ्ख्यक थारू जातिहरू अशिक्षित छन् भने प्रशासनिक इकाइमा यिनीहरूको उपस्थिति शून्य नै छ। पहाडी जिल्लावाट वसाइँ सरेर आएका पहाडीहरूको नै वढी चहलपहल छ। सदरमुकाम घोराही वजार भए पनि व्यापारिक क्षेत्र तुलसीपुर हो। यस क्षेत्रमा पत्रकारिताको सुरुआत २०२१ सालदेखि भएको हो। २०४६ सालसम्मको अवस्थामा पत्रपत्रिका र प्रकाशनगृहहरूले स्वतन्त्र रूपमा लेख्न वोल्न पाउँदैनथे। निर्दलीय व्यवस्था भएका कारण वेलावेलामा प्रेसमाथि प्रतिवन्ध लगाइन्थ्यो। यस्तो परिस्थितिले गर्दा कतिपय पत्रिकाहरू दर्ता भएर पनि प्रकाशित हुन सकेका थिएनन्। दाङमा १६ पुस २०५८ सालदेखि स्वर्गद्वारी सञ्चार केन्द्रले *स्वर्गद्वारी एफएम* रेडियो सुरु गरेको छ। उक्त सामुदायिक रेडियोले हाल परीक्षणको रूपमा दैनिक चार घण्टा प्रसारण गर्दै आएको छ।

नेपालगञ्ज र दाङको पत्रकारिता वारेमा अध्ययन अनुसन्धान भएको पाइँदैन। यसवारेमा लेखिएका लेखहरू फाट्टफुट्ट रूपमा प्रकाशित छन्। पूर्णलाल चुकेले भेरी अञ्चलको पत्रकारिताको विकासक्रम, अवस्था र चुनौती भन्ने कार्यपत्र पेस गर्नु भएको छ (चुके २०५५:७)। यस कार्यपत्रमा पत्रिकाहरूको सङ्ख्यात्मक विवरण प्रस्तुत गरिएको छ। तर पत्रकारिताका विषयमा विस्तृत चर्चा यसमा भएको छैन। सामाजिक विकास तथा अनुसन्धान केन्द्र काठमाडौंले नेपाली मिडियामा दलित र जनजातिको उपस्थितिका वारेमा गरिएको अनुसन्धानमा वाँके र दाङ जिल्लालाई पनि समेटिएको थियो। त्यस अध्ययनले दाङ नेपालगञ्जवाट प्रकाशित हुने पत्रिकामा दलित र जनजातिको न्यून प्रतिनिधित्व भएको देखाएको छ (पराजुली र गौतम २०५८)।

त्यस्तै नेपाल प्रेस इन्स्टिटच्युटद्वारा आफ्नै वारेमा र आफ्ना दुई क्षेत्रीय सञ्चार स्रोत केन्द्रमध्ये नेपालगञ्जको पत्रकारितावारेमा पनि केही विवरणात्मक तथ्यहरू अगाडि सारिएका थिए। त्यस मूल्याङ्कन अध्ययनमा पत्रकारिताका फस्टाउन नसक्ने कारण उल्लेख गरिएको थियो। (रजौरिया २०००)। यीवाहेक अरू अध्ययन अनुसन्धान भएका छैनन्। हाम्रो यस अध्ययनले वाँकेको नेपालगञ्ज र दाङको घोराही वजारलाई मात्र प्रतिनिधित्व गरेको छ। यो लेखमा पत्रिकाको स्थिति, वितरणको भूगोल, विज्ञापन वजार, संस्थागत स्वरूप र लगानी, समाचारका स्रोत र जनशक्ति, स्थानीय प्रशासन र खोज पत्रकारिता, पत्रकारिताको अध्ययन गराउने संस्था र तालिम केन्द्र आदि विषयमा चर्चा गरिने छ। यस अध्ययनको समयावधि ५ महिनाको थियो। यसका लागि २०५८ असोजदेखि प्रारम्भिक अध्ययन सुरु गरिएको थियो। सोही महिनामा पहिलो चरण र पौषमा दोस्रो चरणको स्थलगत अध्ययन पूरा गरी यो लेख तयार पारिएको हो।

## बर्तमान अवस्था

२०४६ सालको आन्दोलनपश्चात् वनेको संविधानले खुकुलो पारिदिएको वातावरणका कारण पत्रिकाहरू दर्ता हुने र प्रकाशित हुने क्रम वढेको छ। तर पत्रिका वन्द हुने

क्रम हाल पनि त्यत्तिकै चलेको पाइन्छ। वर्तमान संविधानले एकपटक दर्ता भएको पत्रिकालाई खारेज गर्न नपाइने प्रावधान राखेको छ। जिल्ला प्रशासन कार्यालय बाँकेको रेकर्डअनुसार साप्ताहिक र दैनिक गरी ५२ ओटा पत्रिका दर्ता भएका छन्। भारतीय पृष्ठभूमि र भारतीय वजारको प्रभाव भए पनि नेपालगञ्जवाट प्रकाशित पत्रिकाले पनि यहाँको जनमानसमा छाप वनाउन सकेकै छन्। तर भारतीय पत्रिकाहरू दाङमा भने आइपुगेका छैनन्। साप्ताहिक पत्रिकाहरूमा नेपालगञ्जवाट प्रकाशित *किरण, जनमत, नशेमन,* दाङवाट प्रकाशित *गाउँघर, राप्ती सन्देश, जनउभार, सव्यसाँची* देखिन्छन्। दैनिक पत्रिकाको नियमित प्रकाशनको सुरुआत २०५६ सालवाट भएको हो।

**वितरणको भूगोल**

*नेपालगञ्ज एक्सप्रेस, वागेश्वरी टाइम्स* दैनिक र अन्य साप्ताहिक पत्रिकाले जिल्लाको वजारक्षेत्रलाई मात्र आफ्नो कार्यक्षेत्र वनाएका छन्। यस क्षेत्रका पत्रिकाले क्षेत्रीय पत्रकारिताको पहिचान पाउनका लागि राप्ती अञ्चल वा अझ मध्यपश्चिमाञ्चल विकास क्षेत्र पूरैलाई समेट्नु पर्ने हो। तर त्यसो हुन सकेको छैन। तैपनि नयाँमुलुक वाँके, वर्दिया, कैलाली, कञ्चनपुरसम्म आफ्नो सम्वाददाताहरू राखेर कार्यक्षेत्र विस्तार गर्ने पट्टि सोच राखेको कुरा दैनिक पत्रिकाका वजार व्यवस्थापकहरू वताउँछन्।

हालसम्मको स्थितिमा पत्रिकाले कसरी टिक्ने भन्ने वारेमा मात्र सोचेको देखिन्छ। पत्रिकाको क्षेत्र विस्तार गर्नतर्फ सवै पत्रिकाहरू लागेका छन्। भेगका हिसावले सुर्खेत र दाङ जिल्लालाई पनि आफ्नो क्षेत्र वनाउनेतर्फ कसरत गरिरहेका छन्। वाहिरका ठाउँहरूमा ग्राहक नवनाई सिधै स्टेसनरी पसलमार्फत अवस्थाअनुसार २०–३० प्रति पठाउने गरेका छन्। पत्रिका विक्री भएर पनि पैसा नदिने, विक्री भएको छैन भन्ने जस्ता कुराले ती ठाउँमा आफ्नो स्टाफ राख्नै पर्ने रहेछ भन्ने वजार व्यवस्थापकले महसुस गरेका छन्। अन्य जिल्लामा मात्र नभई वाँके र वर्दियाका क्रमशः कम्दी, फुलटेक्रा, कुसुम, शम्शेरगञ्ज, कोहलपुर, चपरगौडी, चिसापानी, खजुरा, भुरेगाउँ, ताराताल, गुलरिया जस्ता ठाउँमा पनि स्थानीय पत्रिकाहरूको माग वढिरहेको कुरा विक्री प्रवन्धकले नै गर्ने गर्छन्। तर क्षेत्र विस्तार गर्ने सोच भए पनि कम जनशक्ति भएकाले त्यतातिर ध्यान दिन सकेका छैनन्।

रूकुम, रोल्पा, सल्यान, प्युठान, वुटवल, नेपालगञ्जसम्म वजार विस्तार गरी दाङका पत्रिकाहरूले राम्रो वजार लिएका छन्। यीवाहेक काठमाडौं, पोखरा, सुर्खेत, पाल्पामा पनि दाङका पत्रिकाका ग्राहक रहेको वताइन्छ। यातायातको नियमित सुविधा भइदिएमा अरू ठाउँमा पनि पत्रिका पठाउन सकिने देखिन्छ। क्षेत्रीय सदरमुकाम र राष्ट्रिय स्तरका गतिविधिहरूमा नेपालगञ्जको चहलपहल वढी देखिन्छ। ती चहलपहलहरू वरिपरिका जिल्लाहरूमा पत्रिकामार्फत आउने गर्छन्। जसले गर्दा यस क्षेत्रवाट प्रकाशित पत्रिकाको खोजी वढी हुने गरेको छ। तीवाहेक कर्णालीका जिल्लाहरूलाई पनि कार्यक्षेत्र वनाउनेतर्फ दैनिक पत्रिकाका प्रकाशकहरूले सोच वनाएका छन्। तर साप्ताहिक पत्रिकाले त्यतापट्टि ध्यान दिएका छैनन्।

नेपालगञ्ज भारतसँग जोडिएको वजार क्षेत्र भएको र यस क्षेत्रका मानिसहरू देहरादुन, मसुरी, पिथौरागढ, नैनीताल, वनारस जस्ता भारतीय सहरहरूमा रहेका छन्। यी सहरमा पनि पत्रिका पठाउन सकेमा राम्रै वजार लिने विश्वास यो क्षेत्रमा लाग्नेहरूको छ। पत्रिकाको सर्कुलेसन वढ्नु वा घट्नुमा विषयवस्तुको चयन पनि मुख्य कुरा हुन आउँछ। त्यसैले गर्दा राष्ट्रिय विषयलाई मात्र हेर्ने हो भने राष्ट्रिय स्तरका पत्रिका नै किने हुन्छ, स्थानीय पत्रिका भएकाले स्थानीय कुरा पनि हुनुको साथै मसलाको रूपमा राष्ट्रिय खवर पनि हुनुपर्दछ।[1]

पत्रिका विक्री वितरणका लागि स्टेसनरी पसलहरूमा हकरमार्फत १०-२० प्रतिसम्म छोड्ने गरिन्छ। त्यस वाहेक ग्राहकलाई हकरले घरघरमा पुर्‍याउने गर्दछन्। स्टेसनरी पसलहरूले खुल्ला विक्री पछि विक्रीको आधा आफूले राखेर आधा प्रकाशन गृहलाई दिने गरेका छन्। स्थानीय व्यक्तिहरू पसलमा गएर पत्रिका किन्ने गरेको देखिएन। यस क्षेत्र वाहिरका व्यक्तिले मात्र पसलमा किन्ने गर्दछन्। सर्कुलेसनले पनि प्रेस काउन्सिलले गर्ने पत्रिकाको वर्गीकरणमा फरक पार्दछ। तर यहाँवाट प्रकाशित पत्रिकाहरू 'क' वर्गमा पर्न सकेका छैनन्। दाङवाट प्रकाशित हुने *नयाँ युगवोध* दैनिक 'ख' वर्ग र *गाउँघर* साप्ताहिक 'ग' वर्गमा परेका छन् भने नेपालगञ्जवाट प्रकाशित साप्ताहिकमा *किरण* 'ग' वर्ग, *उज्यालो* र *नशेमन* 'घ' वर्गमा परेका छन्।

नेपालगञ्जवाट प्रकाशित साप्ताहिक पत्रिकाले वितरण प्रणालीलाई सक्षम वनाउन सकेमा सुर्खेत, कैलाली र कञ्चनपुरमा समेत वजारविस्तार गर्न सक्ने प्रशस्त सम्भावना देखिएको छ। यी क्षेत्रहरूमा साप्ताहिक पत्रिकाको वजार विस्तार गर्ने सोच हुँदाहुँदै पनि कार्यन्वयन भने हुन सकेको छैन। दाङमा साप्ताहिक पत्रिकाहरू वजारमा देखिए पनि नेपालगञ्जमा भने त्यस्ता पत्रिकाहरू देख्न समेत पाइँदैनन्। विक्री वितरणको लागि नभई आफ्नै सोख पूरा गर्न मात्र साप्ताहिक पत्रिकाहरू प्रकाशित भइरहेका छन्। यसरी प्रकाशित साप्ताहिक नियमित रूपमा कमै मात्रै निस्कने गर्दछन्।

दाङवाट प्रकाशित *नयाँ युगवोधले* नेपालगञ्जमा राम्रो वजार पाएको छ। त्यसको लागि नेपालगञ्जमा ३ जना कर्मचारी कार्यरत छन्। तर नेपालगञ्जवाट प्रकाशित दुवै दैनिकले दाङमा पत्रिका पुर्‍याउन समेत सकेका छैनन्। कहिलेकाहीं १०-१५ प्रति *नेपालगञ्ज एक्सप्रेस* आइपुग्छ तर नियमित भने छैन। स्थानीय स्टेसनरी पसल मार्फत पत्रिका पठाए पनि वितरण वढाउन सकेको छैन। दाङमा भएको विक्रीवाट पूरा पैसा नआउने वताइन्छ।

सीमापारीवाट आउने भारतीय पत्रिका र नेपालवाटै प्रकाशित राष्ट्रिय स्तरका ठूला आकारका दैनिकले स्थानीय पत्रिकाको वजारलाई प्रभाव पारेको छन्।

---

१ विधुप्रकाश कायस्थ र शरद के.सी.सँगको कुराकानीवाट।

तालिका १: पत्रिकाको स्थिति

| क्र. सं. | पत्रिकाको नाम | सम्पादक | प्रकाशक | स्थापना साल | सर्कुलेसन | कैफियत |
|---|---|---|---|---|---|---|
| | नेपालगञ्ज | | | | | |
| १. | नेपालगञ्ज एक्सप्रेस दैनिक | शिव डोटेल | विष्णुप्रसाद श्रेष्ठ | २०५६ | ४५०० | नियमित |
| २. | वागेश्वरी टाइम्स दैनिक | श्याम कुमार शर्मा | श्यामकुमार शर्मा | २०५७ | १५०० | कार्तिक २०५८ देखि वन्द |
| ३. | किरण साप्ताहिक | पन्नालाला गुप्ता | किरणप्रभा गुप्ता | २०३१ | ८०० | नियमित |
| ४. | उज्यालो साप्ताहिक | वासुदेव श्रेष्ठ | वासुदेव श्रेष्ठ | २०४७ | ५०० | नियमित |
| ५. | जनमत अर्ध साप्ताहिक | पुर्णलाल चुके | सुशील चुके | २०३७ | १००० | नियमित |
| ६. | नशेमन साप्ताहिक | मो. हारून | मो. हारून | २०५२ | ५०० | नियमित |
| ७. | शङ्खनाद साप्ताहिक | रामगोपाल वैश्य | रामगोपाल वैश्य | २०४५ | ८०० | अनियमित |
| ८. | आजको सामना साप्ताहिक | अजयकुमार गुप्ता | अजयकुमार गुप्ता | २०५६ | ५०० | अनियमित |
| | दाङ | | | | | |
| १. | नयाँ युगवोध दैनिक | नारायणप्रसाद शर्मा | नारायणप्रसाद शर्मा | २०३३ | ५२०० | नियमित |
| २. | राप्ती सन्देश अर्ध साप्ताहिक | रामप्रसाद पौडेल | रामप्रसाद पौडेल | २०५४ | ५०० | नियमित |
| ३. | गाउँघर साप्ताहिक | अमर गिरी | सुशील गौतम | २०५२ | १००० | नियमित |
| ४. | सरयु साप्ताहिक | दधिराम सुवेदी | दधिराम सुवेदी | २०५५ | ५०० | हाल वन्द |
| ५. | सव्यसाँचि साप्ताहिक | कर्णप्रखर धिताल | कर्णप्रखर धिताल | २०५७ | ५०० | नियमित |
| ६. | जनउभार साप्ताहिक | मधुसुदन वैद्य | मधुसुदन वैद्य | २०५५ | ५०० | नियमित |
| ७. | सीमारेखा साप्ताहिक | तोयानाथ धिताल | तोयानाथ धिताल | २०५६ | ५०० | हाल वन्द |

*स्रोतः प्रकाशनगृहका सम्बन्धित व्यक्तिसँगको कुराकानी*

तालिका १ मा उल्लेख गरिएका वाहेक अन्य पत्रिकाहरू पनि देखिएका छन् तर ती पत्रिकाहरू अहिले प्रकाशित छैनन्। प्रकाशित पत्रिकामध्ये नेपालगञ्जको *शङ्खनाद* वाहेक अरू सबै अफसेट प्रेसमा छपाइ हुने गरेका छन्। अनियमित रूपमा

मौसमी विज्ञापनको भरमा प्रकाशित गर्ने क्रम पनि बढी नै छ। राजधानीवाट प्रकाशित पत्रिकामध्ये नेपालगञ्जमा *कान्तिपुर*को १५००, *राजधानी*को ५००, *नेपाल समाचारपत्र*को ४००, *स्पेसटाइम*को ३००, अन्यको १००–२०० सम्म सर्कुलेसन रहेको छ। दाङमा सवै मिलाएर ५०० रहेको छ।

तालिका २: पत्रकारिता गर्नेहरूको अन्य पेसा

| क्र. सं. | पत्रिकाको नाम | कर्मचारी/पत्रकार | अन्य संस्था |
|---|---|---|---|
| १. | किरण साप्ताहिक | पन्नालाल गुप्ता | लेटर प्रेस, राजनीति |
| २. | जनमत अर्धसाप्ताहिक | पूर्णलाल चुके | अफसेट प्रेस, व्यापारी |
| ३. | कालपृष्ठ साप्ताहिक | हेमन्त कर्माचार्य | राजनीतिक कार्यकर्ता, विभिन्न सङ्घसंस्थाको अध्यक्ष, संयोजक |
| ४. | उज्यालो साप्ताहिक | वासुदेव श्रेष्ठ | लेटर प्रेस, भू.पू. कर्मचारी |
| ५. | नेपालगञ्ज पोस्ट साप्ताहिक | विधुप्रकाश कायस्थ | अन्तराष्ट्रिय गैरसरकारी संस्थाको कन्सल्ट्यान्ट, इन्जिनियर |
| ६. | ग्रामदीप साप्ताहिक | लोकनाथ वर्मा | शिक्षक, गैरसरकारी संस्थाको अध्यक्ष |
| ७. | नशेमन साप्ताहिक | मो. हारून | राजनीतिक कार्यकर्ता, विभिन्न सङ्घसंस्थामा संलग्नता |
| ८. | शङ्खनाद साप्ताहिक | रामगोपाल वैश्य | शिक्षक, राजनीतिक कार्यकता, सङ्घ संस्थामा संलग्नता |
| ९. | वागेश्वरी टाइम्स दैनिक | श्यामकुमार शर्मा | लेटर प्रेस, लेखापाल, व्यापारी |
| | | शरद के.सी. | रेडियो नेपाल, वीवीसी नेपाली सेवा |
| | | कृष्ण अधिकारी | स्पेसटाइमको संवाददाता नगरपालिकामा जागिरे |
| १०. | नेपालगञ्ज एक्सप्रेस दैनिक | शिव डोटेल | नेको इन्स्योरेन्स, नेपाल टेलिभिजन |
| | | शिराज खान | हिमालय टाइम्स्, राजनीतिक कार्यकर्ता |
| | | विष्णुप्रसाद श्रेष्ठ | कम्प्युटर इन्स्टिच्युट, व्यापारी |

*स्रोतः स्थलगत अध्ययन*

सङ्ख्यात्मक हिसावले पत्रिकाको प्रकाशन जति देखिन्छ त्यति स्थायित्व भने देख्न पाइँदैन। वजार, विज्ञापन, व्यवस्थापन जस्ता कुराहरूमा पत्रिकामा लाग्नेहरूको अनुभव नभएर पनि स्थायित्व आउन नसकेको हो। पत्रिका चलाउनेहरू प्रायः गैर

व्यापारिक क्षेत्रका रहेका छन्। यही पेसामा लाग्नेको पनि पत्रकारिता वाहेक अन्य पेसामा पनि संलग्नता छ। सरकारी गैरसरकारी, अर्धसरकारी र प्राइभेट कम्पनीहरूमा काम गर्ने कर्मचारीहरू र आफ्नै प्रेस चलाएर वसेकाहरूले नै पत्रिका चलाएका छन्। रिपोर्टिङ्गमा काम गर्नेहरू अधिकांश पुराना जति राष्ट्रिय दैनिक पत्रिका, रेडियो र अन्तर्राष्ट्रिय रेडियोमा सम्वाददाता पनि रहेका छन्। पत्रिकामा लाग्नेहरूले आफ्नो गुजारा चलाउन यही पेसामा मात्र आश्रित नभई अन्य पेसा पनि खोज्नुपर्ने हुन्छ। यसलाई तालिका २ मा अझ प्रष्टसँग देखाइएको छ।

तालिकामा समेटिन नसकेका धेरै पत्रकारहरू अन्य पेसासँग पनि आवद्ध देखिन्छन्। यो क्रम साप्ताहिकमा भन्दा दैनिक पत्रिकामा अधिक छ।

## पत्रिकामा छापिने सामग्री

नेपालगञ्जवाट प्रकाशित दैनिकहरू सधैभरि (दशैमा ६ दिन र तिहारमा ३ दिन वाहेक) प्रकाशित हुने गरेका छन्। दाङवाट प्रकाशित दैनिक *नयाँ युगवोध* हप्तामा ६ दिन निस्कने गरेको छ। त्यही व्यवस्थापनले साप्ताहिक *गाउँघर* प्रत्येक शनिवार प्रकाशन गर्दै आएको छ। नेपालगञ्जका दैनिकहरूले प्रत्येक शनिवार अतिरिक्त विषयअन्तर्गत कथा, कविता, चुट्किला राशिफल, राख्ने गरेका छन्। त्यस्तै सामग्री *नयाँ युगवोध*ले शुक्रवारको अङ्कमा दिने गरेको छ। वेलावेलामा स्वास्थ्य, मनोरञ्जन, खेलकुद, कला साहित्य र सिनेमाको विषयमा जानकारीमूलक सूचना दिनुका साथै केही व्यक्तिहरूका अन्तरवार्ता पनि दिने गरेका छन्। पत्रिकाले दिने समाचारमा प्रायः गरेर राजनीतिक समाचार वढी हुने गरेका छन् र राजनीतिमा पनि माओवादीसम्वन्धी समाचारलाई प्राथमिकता दिदै आएका छन्। दैनिकमा २ देखि ४ ओटा सम्म समसामयिक लेखहरू छापिने गरेका छन्। यसमा विशेष गरी राजनीतिसम्वन्धी लेख पर्दछन्।

यहाँका पत्रिकाहरूले स्तम्भकारहरूलाई पारिश्रमिक दिने गरेका छैनन्। हालसम्म सहयोगस्वरूप र अन्य पत्रिकामा आएका लेखहरूलाई साभार गरेर छाप्ने गरेका छन्। साभार लेख साप्ताहिक पत्रिकामा वढी आउने गर्दछन्। त्यस्ता लेखवाहेक माओवादी गतिविधिसम्वन्धी लेखहरू पनि स्थानीय पत्रिकाले प्रशस्त स्थान दिने गरेका छन्। मध्य पश्चिम क्षेत्र माओवादी प्रभावित क्षेत्र भएकाले पनि त्यस्ता लेखहरू वा सामग्रीहरू वढी आउने गरेका छन्। समाचारमा भिडन्तका समाचारले प्राथमिकता पाएको देखिन्छ। माओवादीसम्वन्धी समाचार वा लेख दिन नसकेमा केही पनि नदिएको हो कि जस्तो मान्दछन् सम्पादक तथा पाठकहरू। त्यस वाहेक चोरी-डाँकासम्वन्धी आपराधिक गतिविधिलाई पनि पत्रिकाहरूले समेट्ने गरेका छन्।

पत्रिकामा काम गर्ने सम्वाददाताहरू कम छन्। त्यसैले सवै ठाउँमा पुगेर समाचार सङ्कलन गर्न नसक्ने भएकाले पनि समाचार नै साभार गर्ने परिपाटी छ। यो नराम्रो हो। विषयवस्तुवारेमा दुई पत्रिका (दैनिक) को तुलना गर्दा पत्रिकामा राजनीतिक घटनाहरू वढी देखिएका छन्। असोज महिनाको चार आइतवारको अङ्कलाई हेर्दा, दैनिक *वागेश्वरी टाइम्स*मा ५० वटा समाचारमा २७ वटा राजनीतिक

विषय वस्तु थिए भने दैनिक *नेपालगञ्ज एक्सप्रेस*मा ११० समाचारमा ६० वटा राजनैतिक विषयहरू समावेश भएका थिए। अन्य समाचारमा विकास, स्वास्थ्य र अपराधसम्वन्धी थिए।

नेपालगञ्जबाट प्रकाशित सवै र दाङको *नयाँ युगवोध* ट्याबुलाइडमा छ। त्यो वाहेक सवैको आकार ८.५" × १४.५" (लिगेल साइज) र पृष्ठ सङ्ख्यामात्र फरक छ। जसमा *नेपालगञ्ज एक्सप्रेस*ले ६ पृष्ठ वनाउँदै आएको छ। पहिलो पृष्ठमा समाचार, दोस्रोमा लेखहरू र सम्पादकीय दुवैले राख्दै आएका छन्। *वागेश्वरी टाइम्स*ले तेस्रो पृष्ठमा समाचारका साथै केही लेखहरू पनि राख्ने गरेको छ भने चौथो पृष्ठमा वाँकी समाचार र विज्ञापनहरू दिने गरेको छ। *नेपालगञ्ज एक्सप्रेस*ले तेस्रो पृष्ठमा स्वास्थ्य, कला, साहित्य अर्थ वा मनोरञ्जनपूर्ण लेखहरू राख्ने गरेको छ। विदेशी समाचारलाई *नेपालगञ्ज एक्सप्रेस*ले वढी महत्वका साथ छाप्ने गरेको छ। चौथो पृष्ठ र पाँचौमा पनि समाचारहरू राख्ने गरेको छ। अन्तिम पृष्ठमा वाँकी समाचार र विज्ञापनहरू राख्ने गरेका छन्। वैंक वा नगरपालिकाको ठूलो विज्ञापन आउँदा पृष्ठ वढाउने काम *वागेश्वरी टाइम्स*ले गरेको छ। समाचारका दृष्टिले हेर्दा यस क्षेत्रमा हुने स्थानीय प्रकृतिका समाचार वा घटनाहरू पत्रिकाले कम मात्रै नै समेट्ने गरेका'छन्।

यस क्षेत्रमा थारू र देशीहरूको वाहुल्यता छ। स्वास्थ्यसम्वन्धी विषयमा यी जातिहरू कम चेतनशील छन्। र, शीतलहर इन्सेफलाइटिस, झाडापखाला जस्ता रोगले यो क्षेत्रमा प्रत्येक वर्ष प्रभाव पारेको हुन्छ। ती समाचारलाई कमै मात्र यहाँका पत्रिकाले दिने गरेका छन्। कमैयासम्वन्धी विषयलाई भने पत्रिकाले धेरै समेटेका छन्। सीमापारी हुने अपराधसम्वन्धी समाचारलाई पनि महत्त्व दिएको पाइन्छ। कर्णाली अञ्चलको हवाई यातायातका वारेमा पनि पत्रिकाले लेखेका छन्। कर्णाली क्षेत्रमा खाद्यान्न सङ्कट परेको, त्यहाँ उत्पादित स्याउले वजार नपाएको विषयमा नेपालगञ्जका पत्रिकाले वरावर लेख्ने गरेका छन्। जातीय वा क्षेत्रीय हिसावले दलित वा जनजातिसम्वन्धी विषयलाई कम महत्त्व दिएको जस्तो छ। त्यसमा पनि जनजातिको समाचार शून्य नै छ। महिला तथा वातावरणसवन्धी समाचारहरूलाई कम मात्र समेटेका छन्। सायद यससम्वन्धी विशेषज्ञता हासिल गरेको वा ज्ञान भएका विज्ञ नभएकाले पनि यस्ता विषयहरू नसमेटिएका हुन सक्छन्। यहाँका पत्रिकाहरूले यातायात जाने र सञ्चारका साधन हुने ठाउँका विषयहरूलाई महत्त्वका साथ स्थान दिने गरेका छन्। स्वास्थ्य, वातावरण, दलित, कमैयासम्वन्धी लेखहरू प्रायः गरेर क्षेत्रीय सञ्चार स्रोतकेन्द्रको लेखमालावाट साभार गरिएको छ।

## समाचारका स्रोत/जनशक्ति

स्थानीय पत्रिकाहरूले समाचार सङकलनका लागि सम्वाददाता पठाउने गरेका छन् भने कार्यालय आफैले पनि समाचारहरू उपलव्ध गराउँछन्। समाचार आउने ठाउँ भनेका नगरपालिका, जिविस, जिल्ला प्रशासन कार्यालय, अदालत, अस्पताल, विद्युत् कार्यालयहरू हुन्। यी ठाउँहरूमा सम्वाददाता गएर वा फोनवाट पनि समाचार टिप्ने गरिन्छ। स्थानीय व्यक्तिहरूले फोनवाट पनि घटनाहरू लेखाइ दिने गर्दछन्। त्यसको

अलावा गैर सरकारी संस्थाहरूले पनि आफ्ना समाचारहरू पठाइ दिने गर्दछन्। समाचार वा घटना नभएका अवस्थामा राष्ट्रिय स्तरका पत्रिकाहरूवाट समाचार नक्कल गर्ने गरेको देखिन्छ। यो क्रम *नेपालगञ्ज एक्सप्रेस*मा वढी छ। रासस वा एपीको ग्राहक वनेपछि मात्र त्यस्तो समाचार साभार गर्न पाइन्छ तर यहाँ ग्राहक नवने पनि अर्को पत्रिकाको त्यस्तो समाचारलाई पत्रिकामा दिने गरेका छन्।

क्षेत्रीय सञ्चारस्रोत केन्द्रले उपलव्ध गराउने लेखमालाहरूलाई पत्रिकामा दिने गरिएको पनि छ। रेडियो नेपाल, नेपाल टेलिभिजन र नेपाली वी.वी.सी. कार्यक्रमका समाचारहरू पनि समाचारका गतिला स्रोतहरू वनेका छन्। स्थानीय पत्रिकाहरूले राष्ट्रिय स्तरवाट निस्कने पत्रिकाका समाचारलाई केही मात्र परिवर्तन गरी सवै राख्ने गरेका छन्। ती पत्रिकाका सम्वाददाताहरू वाँके, वर्दिया, दाङ वाहेक अन्य ठाउँमा नभएको कुरा व्यवस्थापकहरू वताउनुहुन्छ। तर वाहिरका समाचारहरू पनि आफ्ना प्रकाशनहरूको सम्वाददाता भनेर दिने गरिन्छ। यो क्रम प्रत्येक अङ्कमा हुने गर्दछ। त्यस्तो समाचार राष्ट्रिय मात्र नभई अन्तर्राष्ट्रिय पनि हुने गरेका छन्। स्थानीय पत्रिका भएका नाताले स्थानीय समाचार घटनाहरूलाई मात्र समावेश गर्नु पर्नेमा त्यसो नगरी राष्ट्रिय अन्तर्राष्ट्रिय समाचार नदिने हो भने पत्रिका चल्दैन भन्ने मानसिकता देखिन्छ। सम्पादक प्रकाशकहरूलाई आफ्ना सम्वाददाताहरू कहाँ गएका छन्, के समाचार लिएर आउँछन्, भन्ने कुरा समेतको जानकारी हुँदैन। सम्वाददाताहरू स्वयं आफैले खोज्दै समाचार दिनुपर्ने हुन्छ। उचित तालिम र प्रशिक्षणको अभावका कारणले सवै कुरालाई समेट्न नसकेको हो भन्ने तर्क लगभग सम्पादक सम्वाददाता सवैका रहेको छ। औपचारिक कार्यक्रम नभएको वेला समाचारको खडेरी पर्छ र त्यसवेला वाध्य भएर अन्य पत्रिकाहरूको सहारा लिनु पर्ने हुन्छ भन्ने तर्क समाचार डेस्कमा वस्नेहरूको छ।

पत्रकारितामा लाग्नेहरू प्रायः गरेर अन्य पेसा नपाएर यो पेसा गरिरहेकाहरू छन्। २०४६ सालपछि मात्र पत्रकारितातर्फ आकर्षण वढेको हो। सुरुका दिनहरूमा कुनै तालिम र प्रशिक्षण पनि उपलव्ध थिएन। यस क्षेत्रमा लागेर काम गर्न वा प्रशिक्षण लिनको लागि काठमाडौंमा नै जानुपर्ने वाध्यता थियो। २०५२ सालमा क्षेत्रीय सञ्चार स्रोत केन्द्रको स्थापनापछि पत्रकारिता क्षेत्रमा तालिम लिनेहरूको घुइँचो देखिन थाल्यो। यस क्षेत्रमा काम गर्नेहरू प्रायः आइ.ए. सरहको पढाइ पूरा गरेका छन् नयाँ अनुहारहरू भने वी.ए. पढ्दै गरेका छन्। क्याम्पसको पढाइका साथसाथै पत्रकारितालाई पनि अघि वढाउन सकेमा आम्दानी गर्न सकिन्छ भन्ने विचार यस क्षेत्रमा लाग्नेहरूको छ। यो क्षेत्रमा निरन्तर एक डेढ वर्ष काम नगरी तलव भत्ताको आशा गर्नु निरर्थक नै हुन्छ भन्ने अनुभव २ वर्षदेखि काम गर्दै आएका शुक्रऋषि चौलागाईंको रहेको छ। योग्यता र दक्षता भएपनि तत्कालै प्रतिफल पाउन सकेका छैनन्। अर्को कुरा पत्रकारहरूमा पनि पुस्तक अध्ययन गर्ने परिपाटि नै छैन। आधारभूत पत्रकारिता गर्ने पाठ्यसामग्रीहरू पनि पत्रकारहरूले हेर्ने गरेका छैनन् भन्ने अनुभव राजनश्री छतकुलीको रहेको छ।

यही पेसामा लागेर केही गर्छु भन्नेहरू कम मात्र छन्। धेरैजसोको अर्को कुनै मौका हात पर्नासाथ उतै जाने र समय मिलेमा यो पेसा गर्ने विचार रहेको छ। साप्ताहिक पत्रिकामा काम गर्ने जनशक्ति कम देखिन्छ। *जनमत* अर्धसाप्ताहिकले १ जना कम्प्युटर अपरेटर राखेको छ। त्यस वाहेक सवै काम सम्पादकले गर्दछन्। *किरण, नशेमन* र *उज्यालो* साप्ताहिकको अवस्था पनि त्यस्तै छ। सवै काम सम्पादक आफैं वा परिवारका सदस्यले गर्दछन्। दैनिक पत्रिकाको हकमा भने केही फरक भेटिन्छ। *नेपालगञ्ज एक्सप्रेस*मा काम गर्ने २३ जना रहेका छन्। यीमध्ये सम्पादकीय टोलीमा १० जना र व्यवस्थापन टोलीमा १३ जना रहेकाछन्। ३ जना वाहेक अरूले वी.ए. पास गरेका छैनन्। ५ जना वी.ए. आध्ययनरत, वाँकी आइ.ए. पढेका र पढ्दै गरेका छन्। *वागेश्वरी टाइम्स*को स्थिति पनि फरक छैन। २०-२५ जनासम्म काम गने स्टाफहरू रहेका छन्। यसको संरचना परिवर्तन गर्ने सोचाइ प्रकाशकको रहेको छ। सम्पादकीय टोलीमा काम गर्नेहरू अहिले २, ३ जना मात्र रहेका छन् भने व्यवस्थापन हेर्ने टोलीले पनि रिपोर्टिङको काम गर्दै आएका छन्। व्यवस्थापनमा काम गर्नेहरूले सवैतिर हेर्ने गरेका छन्। जनशक्तिहरू प्राय गरेर यही जिल्ला वा वरिपरिका रहेका छन्। प्रकाशन गृहले वाँके, वर्दिया वाहेक अरू जिल्लामा स्टाफ/सम्वाददाता राखेका छैनन्। दाङमा साप्ताहिकको स्थिति नेपालगञ्जसँग मिल्दो छ। दैनिकमा २२ जना स्टाफ छन्। यस क्षेत्रमा काम गर्नेहरू ४, ५ जना वी.ए. पास गरेका छन्। केही वी.ए. पढ्दै गरेका र वाँकी आइ.ए.सम्म पढेका देखिन्छ।

रिपोर्टिङमा काम गर्ने नयाँ पुराना सवैले क्षेत्रीय सञ्चार स्रोत केन्द्रको १-६ हप्तासम्मको तालिम लिएका छन्। जसलाई आधारभूत पत्रकारिता तालिम मानिन्छ। उक्त संस्थाले विगत ६ वर्षदेखि यस्तो तालिम दिंदै आएको छ। स्तर वृद्धि गर्नेतर्फ पत्रकारहरूले खासै ध्यान दिएका छैनन्। प्रकाशन गृहले पनि त्यतातर्फ सोच नराखेको देखिन्छ। स्तर वढाउन लगाएर भोलिका दिनमा उनीहरू पलायन हुन्छन् कि भन्ने डर प्रकाशकको रहेको छ। स्तर र क्षमता वृद्धि गर्ने मौका पाएका छैनन् भने त्यो मौका कहिले पाइन्छ भन्ने पनि निश्चित हुँदैन। कामअनुसारको सुविधा पनि प्रकाशन गृहले दिने गरेका छैनन्। कति पारिश्रमिक दिने गरेको छ वा पाउनु पर्छ भन्ने कुरा काम गर्नेलाई समेत थाहा छैन। प्रकाशन गृहले पनि उनीहरूलाई दिने सुविधावारे वताउन चाहँदैनन्। एउटै व्यक्तिले धेरै क्षेत्र हेर्नुपर्ने हुँदा समाचारमा कुन कुराको कहाँ कमजोरी भयो वा अपुग भयो भन्ने वारेमा आफैले जाँच गर्न नपाउँदै प्रेसमा पठाउनु पर्छ भन्ने अनुभव संवाददाताको छ।[२]

मिहिनेत अनुसारको तलव वा सुविधा कर्मचारीहरूले पाउने गरेका छैनन्। काम अनुसारको सुविधा प्रकाशन गृहले दिने गरेमा पत्रिकाको स्तर सुधिन सक्छ। क्षेत्रीय सञ्चार स्रोत केन्द्रवाट तालिम लिए पछि पूर्ण भइयो, थप केही गर्नुपर्दैन भन्ने कुराले पनि धेरै कुरामा ह्रास आएको छ। स्तर र क्षमता वृद्धि गर्नेतर्फ प्रकाशन गृहहरू र सो क्षेत्रमा लाग्नेहरू आफैले पनि मिहेनत गर्नुपर्छ भन्ने तर्क पाठकका रहेको छ।

---

[२] सुदर्शन रिजाल, झलक गैरे र यमनाथ घिमिरेसँगको कुराकानीवाट।

समाचार दिनेले समाचारको वैधता र यसको असर तथा परिणामवारे विचारै नगरी हावाको भरमा समाचार सम्प्रेषण गर्ने क्रम वन्द गर्नुपर्छ।[३]

## संस्थागत स्वरुप र लगानी

दैनिक पत्रिकामा सम्पादक तीन जनासम्म, प्रकाशक, निर्देशक, व्यवस्थापक वजार सहायक, सम्वाददाता स्ट्रिन्जर्स हकर आदि रहेका छन्। अझ स्पष्ट रूपमा भन्दा सम्पादक टोली, प्रकाशक टोली, लेखा टोली, रिपोर्टिङ टोली, वजार व्यवस्थापक टोली, व्यवस्थापक टोली र हकर टोली रहेका छन्।

सङ्गठनको स्वरूप कस्तो वनाउने भन्ने वारेमा लगानीकर्ताको प्रमुख हात रहेको हुन्छ। रिपोर्टिङ वाहेक अरू ठाउँमा लगानीकर्ताले प्रत्यक्ष हस्तक्षेप गर्ने वा कर्मचारीलाई वढुवा घटुवा गर्ने क्रम वढी देखिन्छ। पत्रिकाको दर्ता प्रणाली व्यक्तिगत रूपमा भएका छन् भने व्यवस्थापन साझेदारीमा सञ्चालन भइरहेका छन्।

*नेपालगञ्ज एक्सप्रेस*मा लगानी गर्नेहरू ३ जना विष्णुप्रसाद श्रेष्ठ, श्यामप्रसाद पन्त र शिव डोटेल छन्। सुरुमा २०५६ मा प्रकाशक विष्णु प्रसाद श्रेष्ठको ३००० रूपैयाँ र अन्य साथीहरूको सहयोगमा पत्रिका प्रकाशित भएको २, ३ दिनमा नै नाफा आर्जन गर्न सफल भएको थियो। सायद दशैंको वेला परेकाले पनि विज्ञापन पाउन गाह्रो परेन भने अर्कोतिर प्रकाशन खर्च उधारोमा दिएकाले पनि वजारमा पत्रिका जान सजिलो भएको थियो। काम गर्ने स्टाफहरूले केही महिना निःशुल्क रूपमा सेवा गरेका थिए। ६ महिनाअघि श्यामप्रसाद पन्तको १० लाखको लगानीमा अफसेट प्रेस पनि राखिएको छ। कार्यालय भवन मासिक १० हजार रूपैयाँ तिर्ने गरी भाडामा लिइएको छ। भवनमा प्रकाशकको कम्प्युटर इन्स्टिच्युट पनि रहेको छ। मुख्य लगानीकर्ता भनेका श्यामप्रसाद पन्त नै हुन्। उनी विशुद्ध व्यापारी हुन् र उनको मोटरको स्पेयर पार्ट्स वेच्ने पसल छ। पत्रकारिता क्षेत्रका वारेमा उनको कुनै अनुभव छैन।

दैनिक *वागेश्वरी टाइम्स*को मुख्य लगानीकर्ता श्यामकुमार शर्मा हुन्। कम्पनीको रूपमा चलाउन खोजिएको यस पत्रिकामा अन्य व्यक्तिहरूको लगानी रहेको छैन। श्यामकुमार शर्माको १ वर्षको अवधिमा १.५ लाख खर्च भएको छ। आफ्नो प्रेस नभएकाले प्रकाशन वापतको खर्च दैनिक ५०० रूपैया दीप अफसेटलाई वुझाउने गर्दछन्। अन्य खर्चहरू विज्ञापनवाट पनि उठाउने गरेका छन्। वर्षभरिमा करिव ३ लाखको विज्ञापन उठाउने गरेका छन्। १, २ महिना भित्रै श्यामकुमारले आफ्नो एकलौटी लगानीमा अफसेट प्रेस ल्याउने तयारी गरिरहेको भएपनि २०५८ माघ महिनासम्म पत्रिका वजारमा आइसकेको छैन। श्याम शर्माका अनुसार *वागेश्वरी टाइम्स*को व्यवस्थापनलाई परिवर्तन गरेर नयाँ कार्य योजना वनाएर पत्रिकालाई आकर्षक वनाउनेतर्फ लागेका छन्। यो पत्रिका अनियमित र लेआउट अस्पष्ट, मसिले पोतिएको, नवुझिने भएको थियो। २०५८ कार्तिक महिनादेखि उक्त पत्रिका वन्द गरिएको छ। दैनिक पत्रिकालाई चलाउँदा एक दिनमा १० हजार लाग्ने

---

[३] शुक्र ऋषि चौलागाई, लक्ष्मी सुवेदी, राजन श्री छतकुलीको कुराकानीवाट।

वताइन्छ। लगानी गर्नेहरूले व्यवस्थापन मात्र नभई अन्य पद पनि लिने गरेका छन्। उदय श्रेष्ठले दुईओटा साप्ताहिक पत्रिका पनि चलाएका थिए। व्यवस्थापन गर्न नसकेका कारण पत्रिका वन्द भएको छ। लगानीकर्ताहरू नभएका होइनन् तर पत्रकारहरूले रिपोर्टिङ गर्न नसकेको हो भन्दछन् प्रकाशक उदय श्रेष्ठ। रिपोर्टर र लगानीकर्ता वीच तालमेल हुन नसकेका कारण पत्रिका चल्न नसकेको हो। पूर्णलाल चुकेले आठ लाख लगानी गरी प्रेससहित पत्रिका पनि चलाउनु भएको छ।[४]

लगानीका हिसावले दैनिक पत्रिका चलाउन दिनको १० हजार लाग्छ एक हजार प्रतिको ४ पेजको लागि। त्यस्तै साप्ताहिकको लागि १ अङ्कको २ हजार, ५०० प्रति छाप्दा लाग्ने हुन्छ। यो खर्च आफ्नै प्रेस भएमा २५-३० प्रतिशत कम हुन सक्छ। व्यक्तिगत तवरवाट लगानी गरेर साप्ताहिक पत्रिका चलेका हुँदा तिनको वास्तविक खर्च कति लाग्छ भन्ने वारेमा यकिन हुन सकेन। अन्य सङ्घ संस्था वा मिडिया विकास कोषको लगानी यहाँका मिडियामा भएको छैन। वैङ्कि प्रकृया सरल भएमा श्यामकुमार शर्माले उक्त कोषवाट ऋण लिईने मानसिकता वनाएका छन्। प्रेसमा लगानी गर्नलाई यति नै वजेट लाग्छ भनेर निक्योंल गर्न सकिँदैन। प्रिन्टको स्तरीयता र गुणस्तरलाई कायम राख्नका लागि पनि लगानीको आकार वढी र फरक हुने गर्दछ। प्रेसको आकार र गुणस्तरलाई ध्यानमा राख्दा ट्यावलाइड आकारको ६ पेज सम्मको पत्रिका निकाल्दा एकमुस्ट करिव २० लाख लाग्न सक्ने हुन्छ। अफसेट प्रविधि नयाँ भएकाले यसवारेमा विस्तृत कुरा गर्दै जाँदा थाहा पाइन्छ भन्दछन् उनीहरू। हाल कसैले लगानी, वजारको संभाव्यता अध्ययन गरेको देखिदैन। हचुवाको भरमा नै पत्रिकामा लगानी भएको छ।[५] यहाँको मिडियामा ४०-५० लाख लगानी भएको छ।

दाङका पत्रकारिता गर्नेहरूले धेरै.जसो व्यक्तिगत लगानीमा नै प्रेस चलाएका छन्। *नयाँ युगवोध* दैनिकको लागि नारायणप्रसाद शर्माले १० लाख रूपैयाँ लगानी गर्नुभएको छ। यी वाहेक *गाउँघर* साप्ताहिकले एसिया फाउन्डेसनको अनुदानमा प्रेस पाएको थियो। अरू दुई प्रेसमा आठ-आठ लाखको लगानी भएको छ। समग्रमा यहाँको मिडियामा जम्माजम्मी ३० लाख लगानी भएको छ।

## विज्ञापन / बजार

यस क्षेत्रमा भारतीय पत्रिकाका पाठकहरू वढी छन्। तीमध्ये अधिकांश भारतीय र हिन्दीभाषी भएकाले पनि ती पत्रिकाले राम्रैसँग वजार जमाउन सकेका हुन्। खुराकका हिसावले स्थानीय पत्रिका ती पत्रिकाभन्दा महङ्गा पनि छन् भने भारतीयहरू नेपाली खवर वा अखवार प्रति चासो पनि राख्ने गर्दैनन्। स्थानीय वजारमा अस्थिरता वा असजिलो हुनासाथ भारतीय व्यापारी भारततिर पसिहाल्छन्। स्थानीय पत्रिका किन्ने,

---

४ विष्णुप्रसाद श्रेष्ठ, पूर्णलाल चुके, श्यामकुमार शर्मा र उदय श्रेष्ठसँगको कुराकानीबाट।

५ विधुप्रकाश कायस्थ, कौशल गुप्ता, विष्णुप्रसाद श्रेष्ठ, उदय श्रेष्ठ र श्यामकुमार शर्मासँगको कुराकानीबाट।

पढ्ने वा यो पेसालाई व्यावसायिक रूपमा लैजान सकिन्छ भन्नेतर्फ भारतीय व्यापारीहरूको सकारात्मक सोचाइ देखिंदैन। नेपालगञ्जको स्थानीय वजारलाई मात्र आफ्नो वजार नमानी धनगढी, महेन्द्रनगर, सुर्खेत, दैलेख, दाङमा पनि प्रकाशकहरूले वजार प्रवर्धन गर्न सकेमा त्यस ठाउँको विज्ञापन पनि आउने हुन्छ। अहिले कमै मात्र विज्ञापन आएको छ।[६]

पत्रिका चलाउनका लागि विज्ञापन अति आवश्यक हुन्छ। स्थानीय तवरमा विज्ञापन भनेको सरकारी कार्यालयवाट दिइने टेण्डर वा वोलपत्र मात्रै हो भन्ने गरिन्छ। निजीस्तरका व्यापारिक प्रतिष्ठानहरूलाई विज्ञापनको दायराभित्र ल्याउन सकिएको छैन। मावि, उच्च मावि र केही ट्रेनिङ्ग इन्स्टिच्युटहरूले आफ्नो प्रचारको लागि विज्ञापन गराउने गर्दछन्। सरकारी विज्ञापननीतिका कारण १० लाखभन्दा वढीको वोलपत्रका विज्ञापन र राहदानी हराएको सूचना छाप्न स्थानीय पत्रिकाले पाउन सकेका छैनन्। प्रेस काउन्सिलले वर्गीकरण गरेको सम्परीक्षणमा नपरेका कारण पनि कतिपय पत्रिकाले सरकारी विज्ञापन नपाउने देखिन्छ। स्थानीय तवरमा पत्रिका चलिरहेको भए पनि आफ्नो प्रतिहरू प्रेस काउन्सिलमा नपठाएको कारण वर्गीकरणमा नपर्ने हुन्छन्, जस्तो *नेपालगञ्ज एक्सप्रेस, वागेश्वरी टाइम्स*। त्यस्तै यहाँ स्थापित उद्योगहरू पनि रहेका छन्। तर यिनीहरूले विज्ञापन दिने गरेका छैनन्। उनीहरू राष्ट्रिय स्तरका उद्योगहरू भएकाले विज्ञापन पनि राष्ट्रिय स्तरका दैनिकहरू वा साप्ताहिकमा दिनुपर्दछ भन्ने मान्यता राख्छन्।

कुनै पनि पत्रिका चल्न विक्रीले मात्र सम्भव हुँदैन। नाफामा जानको लागि पत्रिकामा विज्ञापन पनि हुनुपर्दछ। खुला विक्रीलाई वढावा दिएमा विज्ञापन पनि स्वतः वढ्छ। सरकारी विज्ञापनहरू प्रायः गरेर चाड, पर्व (दशैं वा राजारानीको जन्मोत्सव) मा वढी आउने गर्दछन् भने विभिन्न गैरसरकारी क्षेत्रका विज्ञापन पनि आउने गरेका छन्। यो ठाउँ क्षेत्रीय सदरमुकाम भएकाले यो ठाउँ भरिका सरकारी कार्यालयहरूले पनि १० लाखभन्दा कमका विज्ञापन दिने गरेका छन्। दैनिक पत्रिकाको कारणले साप्ताहिक पत्रिकाले विज्ञापन पाउन छोडेका छन्। एउटा विज्ञापन २, ३ पटकसम्म दैनिकले दिन सक्छन् तर साप्ताहिकले त्यसो गर्दा विज्ञापनको म्याद सिद्धिसकेको हुन्छ।[७]

स्थानीय तवरमा लिइने विज्ञापनको दर रेट वनाएर पनि व्यवहारमा लागू हुँदैन। *नेपालगञ्ज एक्सप्रेस*ले भित्री पृष्ठ प्रति सेमी प्रति कोलम रू. ९० लिने नियम वनाए पनि अगाडिको र पछाडिको पृष्ठमा फरकफरक रेट हुने गर्दछ। अगाडि पृष्ठमा थप ३५% र पछाडिमा थप २५% लिने नियम वनाएका छन्। त्यस्तै नियम *वागेश्वरी टाइम्स*ले वनाए पनि प्रतिसेमी प्रतिकोलम रू. ६५ रूपैयाँ मात्र राखेको थियो। साप्ताहिकहरूले पनि रू. ४० देखि ८० सम्म प्रतिसेमी प्रतिकोलम राखेको पाइन्छ। लिगेल आकारको पेजको १० हजार भनिए पनि त्यति पैसा विज्ञापन दाताहरूले दिदैनन्। सरकारी विज्ञापन त कमिसनको आधारमा वढी हुने गर्दछ भने यो क्रम अन्य

---

६ जे. पाण्डे र सनत रेग्मीसँगको कुराकानीबाट।

७ वासुदेव श्रेष्ठ, प्रताप रेग्मी, राम प्रसाद पौडेलसँगको कुराकानीबाट।

गैरसरकारीमा पनि देखिन्छ। प्रकाशन गृहमा नभई विज्ञापन उठाउन जाने कर्मचारीको व्यवहारले पनि विज्ञापन पाउने या नपाउने अवस्था हुन्छ। नेपालगञ्जमा राष्ट्रिय वा स्थानीय तवरमा विज्ञापन लिने वा दिने वारेमा कुरा गरिदिने प्रतीक विज्ञापन एजेन्सी पनि रहेको छ। ८ वर्षदेखि कार्यरत यस एजेन्सीले स्थानीय पत्रिका र राष्ट्रिय पत्रिका दुवैलाई विज्ञापन मिलाइदिने गरेको छ। *नेपालगञ्ज एक्सप्रेस*ले उक्त विज्ञापन एजेन्सी मार्फत वार्षिक ५-६ लाख पाउने गरेको छ। सीधै प्रकाशन गृहसँग जाँदा छुट नपाइने हुँदा एजेन्सीमार्फत आउने ग्राहकहरू दिनानुदिन वढीरहेका छन् त्यसरी आउने विज्ञापनहरूमा सरकारी विज्ञापन वाहेक प्राइभेट र कम्पनीका रहेका छन्। स्थानीय उत्पादन वाहेक राष्ट्रिय कम्पनीका साथै वहुराष्ट्रिय कम्पनीको विज्ञापनसमेत स्थानीय पत्रिकाले पाउने गरेका छन्। त्यस्ता विज्ञापनमा विशेष गरी मोटरसाइकल, गाडी, ट्र्याक्टर आदि रहेका छन्। यसको अलावा वोर्डिङ्ग स्कूल, ट्रेनिङ इन्स्टिच्युट, आदि नै विज्ञापनका मूलस्रोत हुन्।

एजेन्सीले विज्ञापनका लागि स्थानीय पत्रिकामा ३० प्रतिशत र राष्ट्रिय पत्रिकाको १५ प्रतिशतसम्म छुट पाउने गरेको छ। हालसम्म स्थानीय दैनिक पत्रिकाको लागि मात्र एजेन्सीमार्फत आएका छन्। साप्ताहिक पत्रिकाको लागि एजेन्सीमार्फत विज्ञापन आउने गरेका छैनन्। यस्तोविज्ञापन एजेन्सी दाङमा नभएकाले सिधै अफिस मार्फत विज्ञापन आउने गरेका छन्। व्यक्तिगत सम्पर्कका आधारहरूवाट गैरसरकारी क्षेत्रका विज्ञापन वढी आउने गर्दछन् भने राप्ती अञ्चलभरिको चहलपहल र केन्द्रविन्दु दाङ भएकाले पनि सरकारी र अन्य विज्ञापन पनि आउने गरेका छन्। दैनिक पत्रिका दाङमा एउटा मात्रै भएकाले पनि हरेक विज्ञापन यहाँको दैनिकले पाउने गर्दछ। नेपालगञ्ज वजार भेरी अञ्चलको मात्र नभई सेती, महाकाली, कर्णाली र राप्ती अञ्चलको पनि केन्द्रविन्दु रहेको हो। अञ्चल कार्यालय र क्षेत्रीय कार्यालय मात्र नभई पश्चिमवाट पूर्व जाने वाटो (जमिन वा हवाई मार्ग) नेपालगञ्ज भएर नै जान्छ। पश्चिमतिरका मानिसहरूको नेपालगञ्ज क्षेत्र सरकारी कामकाजका हिसावले मुख्य केन्द्र भएकाले पनि वढी विज्ञापन यहाँका दैनिकहरूले पाउने गर्दछन्। महेन्द्रनगर धनगढी मात्र नभई सिलगढी, दिपायल, डडेलधुराका स्कूल क्याम्पस वा ट्रेनिङ्गसम्वन्धी सूचना विज्ञापन पनि नेपालगञ्जका स्थानीय पत्रिकाले नै पाउने गरेका छन्। त्यस्ता विज्ञापन सधैं नभई कहिलेकाहीं मात्र आउने गर्दछन्। चाडपर्वमा आउने विज्ञापनले पत्रिका चलेका छन्। सर्कुलेसन थोरै भएकाले त्यसवाट पैसा उठ्न सक्ने कम सम्भावना हुन्छ। उक्त विज्ञापन एजेन्सीको स्थापना पछि स्थानीय मिडियामा विज्ञापनको कारोवार वढेको छ।[८]

नगरपालिका र जिल्ला विकास समितिले दिने शुभकामना विज्ञापनको दर एउटै वनाएका छन् जस अनुसार प्रत्येक पटकको ३०० रूपैयाँ पर्दछ। तिवाहेक अन्यको सामग्री हेरेर विज्ञापनको दर निर्धारण हुने गर्दछ। स्थानीय भए कम राष्ट्रिय भए उनीहरूकै नियम अनुसार हुने गर्दछ। दैनिक पत्रिकाको प्रकाशनपछि भूमिगत

---

८ शरद के.सी, जुद्ध के.सी.र चन्दप्रकाश श्रेष्ठसँगको कुराकानीवाट।

रूपमा दिने विज्ञापन कम भएको छ। (भूमिगत विज्ञापन भनेको टेण्डरको सूचना कुनै पत्रिकामा निकाल्ने तर पत्रिका वजारमा नपठाउने जसले गर्दा अन्य प्रतिस्पर्धीहरू आउन सक्दैनन् तर सरकारी नियम भने पूरा गरेको ठहरिन्छ)। त्यस्तै गरी मौसमी रूपमा प्रकाशन गर्ने पत्रिकालाई पनि जि.वि.स. र न.पा.को उक्त निर्णयले निरूत्साहित पारेको छ। यो निर्णय अन्य सरकारी कार्यलयहरूले पनि अवलम्वन गर्न थालेका छन्। यो क्रमलाई वढाउन सकेमा स्थायी रूपमा चल्न खोज्ने पत्रिकालाई राहत मिल्न सक्छ।[९]

## स्थानीय सरकार र खोज पत्रकारिता

स्थानीय निकायमा हुने समाचारहरू पत्रिकाले समेट्न सकेका छैनन्। स्थानीय निकायका पदाधिकारीहरू स्थानीय सरकारले गरेका कामहरूका वारेमा पत्रिकाले लेखीदेओस् भन्ने चाहन्छन्। विज्ञापन वा अन्य समाचारहरू पनि दिएका छन् तर ती कुराहरू प्रकाशित भएका पाइन्नन्। विज्ञापन नपाइने डरले पनि कति पत्रिकाले स्थानीय निकायमा हुने अनियमितताहरू छाप्दैनन्। धेरैजसो अनियमितता सर्वदलीय समितिवाट नै समाधान हुने गर्दछन्। स्थानीय व्यक्ति पत्रकार भएमा पनि त्यस्ता अनियमिततालाई कोट्याउन सक्दैनन् भने कोट्याई हालेमा पनि आर्थिक रूपमा पत्रिकाहरू दरिलो नभएकाले आर्थिक लेनदेन वढी हुन्छ भन्ने तर्क पनि वढी सुनिन्छ। स्थानीय भएकाले वढी पूर्वाग्रही पनि हुने गर्दछ।[१०]

राज्यले पत्रकारिता गर्नको लागि जे जति छुट र सुविधा दिए पनि ती कुराको भरपुर प्रयोग भएको पाइँदैन। अर्कोतर्फ छुटको सुविधा लिइँदैन भने त्यसको दुरूपयोग पनि वढी भएको देखिन्छ। संविधानले पत्रिकाको दर्ता र प्रकाशनलाई खारेज नगर्ने व्यवस्था गरेको छ। तर पत्रिकाहरू त्यसको उपयोगमा भन्दा दुरूपयोग गर्नमा तल्लीन छन्। पत्रिकाहरू स्थानीय तहका घटनाहरूलाई लिएर ती निकायलाई घच्घच्याउनु पर्नेमा त्यसो नगरी विज्ञापन दिए राम्रोसँग व्यवहार गर्ने अन्यथा नराम्रो लेख्ने गर्दछन्। सञ्चार विकासका र चेतनासम्वन्धी कुराहरू पत्रिकाले केन्द्रीकृत गर्नुपर्नेमा त्यसो गरेका छैनन्। प्रकाशन गृहहरू सधैंभरि विज्ञापन आई रहोस् भन्ने चाहना राख्दछन् ती निकायप्रति। तर तिनीहरू त्यसो गर्न सक्दैनन। तिनीहरूलाई सधैंभरि सहयोग गर्न न.पा./जि.वि.स.ले सक्दैनन्। उनीहरूले पनि आशा गरी रहनुभन्दा अन्य स्थायी स्रोत खोज्नुपर्दछ तर त्यो गर्दैनन्।[११]

खोज पत्रकारिताले समाजमा भए गरेका तर वाहिर आउन नसकेका कुरालाई उदङ्ग्याउने काम गर्दछ। विभिन्न निकायवाट हुने गरेका अनियमिततालाई पनि रोक्ने काम गर्दछ। कुन विषयलाई हेर्ने भन्ने वारेमा ठाउँ र अवस्था अनुसार

---

९ ध्रुवकुमार कार्की, (सचिव, न.पा.), ओमजंग राणा (जि.वि.सं. सभापति) सँगको कुराकानीवाट।

१० रामनाथ शर्मा, ओमजंग राणा र शिव डोटेलसँगको कुराकानीवााट।

११ ध्रुवकुमार कार्की (सचिव, नगरपालिका) तथा वद्रीनाथ कोइराला (स्थानीय विकास अधिकारी)सँगको कुराकानीवाट।

फरकफरक पर्दछ। स्थानीय तवरमा क्षेत्रीय सञ्चार स्रोत केन्द्रले एक हप्ते खोज पत्रकारिता तालिम दिने गरेको छ। तीवाहेक अन्य तालिम यहाँ दिने गरेको छैन। यस क्षेत्रमा पत्रकारिता गर्नेहरूले खोज पत्रकारितालाई व्यवहारमा ल्याउन सकिरहेका छैनन्। गैरराजनीतिक विषयमा खोज पत्रकारिता गर्न समय धेरै लाग्ने हुन्छ भने त्यसमा पछ्याई राख्नु पर्दछ। एउटै व्यक्तिले धेरै क्षेत्र हेर्नुपर्ने र दिनभरि रिपोर्टिङ गर्नुपर्ने हुँदा त्यस्ता विषयको अध्ययन र विश्लेषण गर्ने उनीहरू सक्दैनन्। त्यस्ता कार्यका लागि खोज पत्रकारिता गर्नेको रुचि र प्रकाशन गृहले पनि उनीहरूलाई समय सुविधा दिन सकेमा मात्र सम्भव हुने देखिन्छ। यो कार्य गर्नु राम्रो हो भन्दछन् तर सुविधा दिदैनन् भन्ने भनाइ स्थानीय सम्वाददाताको रहेको छ।

पत्रकारिता क्षेत्रमा लाग्नेहरू राजनीतिक पार्टीसँग आवद्ध हुने भएकाले पनि राजनीतिसम्वन्धी खोज अनुसन्धानहरू वाहिर आउन सकेका छैनन्। यस वारेमा पनि दैनिक पत्रिकाले समाचार दिनेमात्र हो, खोज पत्रकारिता गर्ने होइन, त्यो काम साप्ताहिकले गर्नुपर्दछ भन्ने मान्यता दैनिक पत्रिकावालाको छ। साप्ताहिक पत्रिकाहरूसँग यो कार्य गर्नलाई दक्ष जनशक्ति छैनन्। जुन पत्रिकाले गरे पनि यो कार्य गर्नु पर्ने देखिन्छ। यथेस्ट तालिम, सुविधा र सहुलियतहरू पाउन सकेमा मात्र खोज हुन सक्छ भन्दछन् शुक्रऋषि चौलागाई। दिनभरि समाचार खोज्दा र साँझमा समाचारकक्षमा समाचार केलाउँदा नै समय वित्छ। अन्य तर्फ हेर्ने फुर्सद नै हुँदैन भन्दछन् झलक गैरे *(वागेश्वरी टाइम्स)*। व्यावसायिक रूपमा पत्रिका अगाडि आउन सकेमा मात्र यो काम सम्भव हुने देखिन्छ। यस क्षेत्रमा यो कार्यको सुरुआत हुन अझै केही समय लाग्ने कुरा क्षेत्रीय सञ्चार स्रोत केन्द्रको संयोजकको रहेको छ। काम गर्ने जनशक्ति पर्याप्त भएमा मात्र त्यो कार्य गर्न सकिन्छ, अहिलेको अवस्थामा एक व्यक्तिले धेरै ठाउँ हेर्ने गर्दछ, ऊ नभएमा पत्रिका निस्कन पनि सक्दैन।

जि.वि.स. वाँकेले असोज ३०, २०५८ मा मुक्त कमैयाका वारेमा भए गरेका कामहरूको पुनर्मूल्याङ्कन गर्नका लागि सवै सरकारी कार्यालयका प्रमुखहरूलाई वोलाएर अन्तरक्रिया कार्यक्रम राखेको थियो। तर त्यसलाई स्थानीय पत्रिकाहरूले रिपोर्टिङ नगरेको र कभरेज पनि नदिएको गुनासो स्थानीय विकास अधिकारी वद्रीनाथ कोइरालाको थियो।

खोज पत्रकारितासम्वन्धी ज्ञान र क्षमताले भ्याएसम्मका लेख फिचरहरू स्थानीय पत्रिकाले समेट्ने प्रयत्न गरेका छन्। त्यस्ता खोजपूर्ण लेख विशेष गरी दैनिक पत्रिकाले राखेका छन्। यो विषय अनुसन्धानमूलक भएकाले लेख तयार पार्न समय लाग्ने वताइन्छ। तैपनि नेपालगञ्जवाट प्रकाशित हुने दुई दैनिकले आर्थिक अनियमिततासम्वन्धी विषयलाई आफ्ना पत्रिकामा अधिक छपाएका छन्। उदाहरणको रूपमा यसरी हेर्न सकिन्छ। *वागेश्वरी टाइम्स*ले चेलीवेटी वेचविखन र वादी महिलाका समस्याहरूको वारेमा धेरै पटक फिचरहरू प्रकाशित गरेको थियो। त्यस्तै लुम्विनी कोअपरेटिभ वैङ्कको सञ्चालकले ग्राहकहरूको पैसा लिई वेपत्ता भएको विषयलाई भदौ महिनाभरि नै समाचर सम्प्रेषण गरेको थियो। *नेपालगञ्ज एक्सप्रेस*ले पनि आर्थिक अनियमिततासम्वन्धी विषयलाई खोजको विषय वनाउँदै आएको छ। त्यसमा साझा

स्वास्थ्य सेवा नेपालगञ्जमा औषधी खरिद विक्रीमा भएको घोटालालाई उदाङ्गो पारेर फिचरहरू लेखिएको थियो। त्यसवाहेक कर्णाली अञ्चलको हिमपात र स्याउले वजार नपाएको वारेमा वरोवर समाचार लेखिएका छन्। हैजा, इन्सेफलाइटिस। शीतलहरसम्वन्धी जानकारीमूलक फिचरहरू आकलभुकल *नेपालगञ्ज एक्सप्रेस*ले दिँदै आएको छ। स्थानीय पत्रिकाले आर्थिक, सामाजिक र स्वास्थ्यसम्वन्धी विभिन्न विषयहरूलाई खोज पत्रकारिताको क्षेत्र मान्दै आएका छन्। खोजपूर्ण लेख र समाचारहरू पत्रिकाले दिने गरेका छन्। तर तिनीहरूलाई पछ्याउने काम कमै हुने गर्दछ। नेपालगञ्जका दैनिकहरूले दिएका फिचरहरूमा २-३ ओटामा वाहेक अरूमा पछ्याइएको छैन। *वागेश्वरी टाइम्स*ले लुम्विनी कोअपरेटिभ वैङ्कको फिचर लेखेर भदौ महिना निरन्तरता दिएको थियो। राजधानीवाट प्रकाशित हुने ठूलो पत्रिकाहरूले कहिलेकाहीं खोजपूर्ण लेखहरू दिने गरेका छन्। जसमा वाँकेको सीतापुर गाविसको भूमिगत जल सिँचाई आयोजनामा भएको आर्थिक अनियमिततालाई लिन सकिन्छ (*कान्तिपुर*, कार्तिक २२, २६, २७, २०५८)।*नेपाल समाचारपत्र*ले साउन र कार्तिक, २०५८ मा दुई पटकसम्म वनसम्वन्धी विषयमा फिचर लेखेको थियो।

दाङवाट प्रकाशित हुने *नयाँ युगवोध* दैनिक वाहेक साप्ताहिक पत्रिकाले खोज पत्रकारिताको अभ्यास गरेका छैनन्। *नयाँ युगवोध* दैनिकले महेन्द्र विश्वविद्यालय र वन कार्यालयसम्वन्धी १-२ पटक खोजपूर्ण लेखहरू प्रकाशित गरेको थियो। त्यसपछि ती विषयमा पछ्याउने वा निरन्तरता दिने प्रयत्न गरेको देखिएन। स्थानीय पत्रकारले भन्दा राजधानीका पत्रिकाको पत्रकारहरूलाई खोज पत्रकारिता गर्न सजिलो हुने वताइन्छ। नेपालगञ्जको सन्दर्भमा भन्नु पर्दा स्थानीय पत्रकारहरू मात्र नभएर प्रकाशन गृहका व्यक्तिहरूवाट पनि पेसागत मर्यादालाई भन्दा निजी स्वार्थलाई वढावा दिने गरेका छन्। जसले गर्दा सीमावर्ती क्षेत्रहरूमा हुने भन्सार, कर, वन कार्यालयवाट हुने अनियमिततालाई जनतासामु उदङ्ग्याउनु पर्नेमा त्यस्ता घटना र समाचारहरूलाई लुकाउने प्रयास भएका छन्। यस्ता समाचारहरू लेखेवापत पत्रकारहरूलाई ती अफिसवाट मासिक वा वार्षिक रूपमा पेस्की समेत दिने गरेका छन्। यी वाहेक छिमेकी मुलुकहरूका वारेमा रिपोर्टिङ गरेर ती मुलुकका संस्थावाट पैसा खानका लागि पत्रिका चलाएका पनि छन्। ती पत्रिकाहरू आफ्नो समस्याको वारेमा भन्दा अन्य राष्ट्रका गुणगान गाउनमा नै पत्रिका चलाइ रहेका छन्। यी कुराहरूको पुष्टि विना विज्ञापनवाट र प्रेस काउन्सिलको तुच्छ सहयोगवाट चलेका कारणवाट थाहा हुन्छ। यस्ता पत्रिका र पत्रकारवाट खोजी पत्रकारिता हुन सक्दैन।

## पत्रकारिताको अध्ययन र तालिम केन्द्र

यहाँ पत्रकारिताको छुट्टै पढाइ भएको छैन। तीन वर्षे स्नातक तहको तेस्रो वर्षमा ऐच्छिक नेपालीमा कार्यमूलक पत्रका रूपमा भने यसलाई समावेश गरिएको छ। १०० पूर्णाङ्कको पत्रकारिताको पढाइ महेन्द्र वहुमुखी क्याम्पस नेपालगञ्जमा विगत तीन पाँच वर्षदेखि हुँदै आएको छ। सुरुको वर्षमा पाँच जनावाट सुरु भएकोमा दोस्रो वर्षमा ६० जनाले अध्ययन गरेका थिए। अहिलेको वर्ष फर्म भराउने म्याद नसकिएकाले

यति जना नै हुन्छन् भन्न सकिने स्थिति छैन। गत सालभन्दा वढी नै हुने अनुमान सहायक क्याम्पस प्रमुख सीताराम विष्टको छ। उच्च शिक्षा परिषदले पत्रकारिताको पढाइ सुरु गरे पनि यहाँ भने सुरु गरेको छैन।

यो विषय प्रयोगात्मक भएकाले पढ्नेहरूको घुंइचो वढेको छ। पास गर्न सजिलो र नम्वर पनि वढी आउने हुँदा विद्यार्थीहरूको चाप वढ्नु स्वभाविकै हो भन्दछन् पत्रकारिताका जाँच दिएर वसेका विद्यार्थी शङ्कर खनाल। यस विषयलाई पत्रकारिता विभागअन्तर्गत नराखी अन्य विषयभित्र समावेश गरिएकाले पत्रकारिता पढेको शिक्षक क्याम्पसले राख्नसकेको छैन। क्याम्पसले हाल क्षेत्रीय सञ्चार स्रोत केन्द्रका संयोजक राजन श्री छतकुलीलाई करारमा राखेको छ। उनले पत्रकारिता अध्ययन गरेको नभई नेपाल प्रेस इन्स्टिच्युटले प्रदान गरेको १० महिने तालिम लिएका हुन्। त्यस वाहेक उनीसँग पत्रकारिताको अन्य विभिन्न तालिम लिएको अनुभव पनि छ।

क्याम्पसले छुट्टै सङ्कायको रूपमा वा यस विषयलाई मात्र भए पनि अध्ययन गराउने सोचाइ राखको छ तर त्रि.वि.ले शिक्षकको दरवन्दी उपलव्ध गराउन सकेको छैन। यसको लागि प्रकृयाहरू अगाडि वढेको छ भन्नुहुन्छ सहायक क्याम्पस प्रमुख सिताराम विष्ट। क्याम्पसका पनि पाठ्यसामग्रीहरू राख्न सकेको छैन भने त्रि.वि. र विभागले कुनै सामग्री उपलव्ध गराउन नसकेको कारण विद्यार्थीहरूलाई अन्य ठाउँको पुस्तकालय प्रयोग गर्नु पर्ने वाध्यता रहेको छ। यहाँवाट उत्पादन भएका २०-२२ जना विद्यार्थीले पत्रकारिता गरिरहेका छन्।

अध्ययनको अलावा नेपाल प्रेस इन्स्टिच्युटको क्षेत्रीय सञ्चार स्रोत केन्द्रले तालिम उपलव्ध गराउँदै आएको छ। पत्रकारितासम्वन्धी तालिम १ हप्तादेखि ६ हप्तासम्मको दिने गरेको छ। सुरुका वर्षहरूमा भत्ता उपलव्ध गराएर तालिम दिएको यस संस्थाले त्यसपछिका दिनहरूमा शुल्क लिएर केन्द्रमा वसी पत्रकारिता गर्नेलाई प्रशिक्षक वनाई ल्याउने काम गर्दछ। सुरुमा सवै प्रशिक्षक केन्द्रवाट ल्याउने गरे तापनि विगत २, ३ वर्षदेखि यहींवाट उत्पादित प्रशिक्षार्थीहरूलाई प्रशिक्षक पनि वनाउँदै आएको छ। मध्यपश्चिम, सुदूरपश्चिम वाहेक पश्चिमाञ्चल क्षेत्रलाई समेट्ने गरी यो केन्द्र स्थापना भएको हो। तालिम लिनलाई भौगोलिक रूपमा वन्देज लगाएको छैन। अधिराज्यका सवै भागवाट तालिम लिन सक्ने व्यवस्था छ। शुल्क तिरेर प्रवेश परीक्षा पास भएमा सहभागी वन्न सकिन्छ। २०५८ असोज महिनासम्ममा यस संस्थाले १२०० जना प्रशिक्षार्थी पत्रकार उत्पादन गरेको छ। दाङ र नेपालगञ्जमा काम गर्ने सवैजसो पत्रकारहरूलाई क्षेत्रीय सञ्चार स्रोत केन्द्रले तालिम उपलव्ध गराएको थियो। क्षेत्रीय सञ्चार स्रोत केन्द्रवाट प्रशिक्षण लिएकाहरू मध्ये केही शिक्षक भएका छन्। कोही वकिल भएर फर्म चलाएका छन्। केहीले पत्रिका पसल सञ्चालन गरेका छन्। ती जनशक्तिहरूले मौका मिलेमा पत्रकारिता गर्ने तर्फ सकारात्मक सोचाइ राखेको वताउँछन्।

स्रोत केन्द्रको संयोजनमा ३ किसिमका आधारभूत तालिमले निरन्तरता पाइरहेका छन्। पहिलो किसिमको तालिम ६ दिनको हुन्छ। त्यसको लागि प्रशिक्षार्थीले

सुरुमा १५०-२०० रूपैयाँ केन्द्रलाई बुझाउनुपदर्छ। यो तालिम सर्वसाधारणहरूबाट छानेर निश्चित व्यक्तिहरूलाई दिने गरिन्छ। यस्ता तालिमहरू क्षेत्रीय सञ्चार स्रोत केन्द्रले नेपाल पत्रकार महासङ्घका स्थानीय शाखाको सहयोगमा सञ्चालन गर्दै आएको छ। दोस्रो तालिम १० दिने हुन्छ। यस तालिममा प्रत्येक सहभागीले १००० रूपैयाँ बुझाउनु पर्ने हुन्छ। यस तालिमलाई पनि आधारभूत तालिम भनिन्छ। तालिमका विषयहरू फरक फरक हुने गरेका छन्। तेस्रो तालिम पत्रकारिता गरिरहेका व्यक्तिहरूलाई दिइने तालिम हो। प्रति व्यक्ति १८००-२००० रूपैयाँ लिएर तालिम प्रदान गरिन्छ। यसवाहेक स्रोत केन्द्रले ठाउँ र अवस्थाअनुसारका तालिमहरू प्रदान गर्ने गर्दछ।

केन्द्रवाट उत्पादन भएका व्यक्तिहरू सवै यस क्षेत्रका नभएकाले केके गर्दछन् भन्ने तथ्याङ्क पाउन सकिएन। स्थानीयमध्येका १५-२० जना जति व्यक्ति नै पत्रकारिता गरिरहेका छन्। यस केन्द्रले ७ वर्षदेखि तालिम दिँदै आएको हो। नयाँ समय सापेक्ष तालिम पनि प्रदान गर्दै आएको छ। स्रोतकेन्द्रले  विकास, ग्रामीण, फोटो, वातावरण, आर्थिक पत्रकारिता, फिचर लेखन तालिम, विज्ञापन तथा वजार तालिम, डेस्कटप पब्लिसिङ तालिमका साथै ७ वटा लेखमाला प्रकाशन गर्दै आएको छ। यस क्षेत्रका पत्रकारलाई प्रोत्साहन गर्न फिचर लेखमाला प्रकाशित गर्दै आएको हो जस्तै दलित, वातावरण, महिला, कमैया आदि। लेखमालाको लागि निवेदन माग गरिन्छ र लेखहरूमा छनौट गर्न समिति पनि वनाइन्छ यही समितिले छानेको आधारमा लेखरचना छनौट गरी प्रकाशित गरिन्छ। प्रकाशित हुनेभएमा एउटा लेख वापत स्रोत केन्द्रले १ हजार दिने गर्दछ। ती लेखहरू यहाँवाट प्रकाशित अन्य पत्रिकामा साभार पनि भएका छन्। त्यस्तै गरेर यस केन्द्रले अनुसन्धान गर्न चाहनेहरूलाई अध्ययन गर्न ३००० रूपैयाँसम्म लेखनवृत्ति दिने गर्दछ। त्यो छनौट हुने प्रकृया पनि केन्द्रले तोकेको समितिमार्फत हुने गर्दछ। यस केन्द्रले प्रशिक्षार्थीहरूलाई अन्य ठाउँमा प्रशिक्षक वनाएर पनि पठाउने गरेको छ।[१२]

यस केन्द्रको स्थापनापछि मिडियासम्वन्धी सङ्घ संस्थाहरूको क्रियाकलाप शून्य झैं भएको छ। नेपाल पत्रकार महासङ्घ वाँके शाखाले कुनै पनि कामहरू गर्नसमेत छोडिसकेको छ। सवै काम स्रोत केन्द्रले गरिहाल्छ हाम्रो के काम भन्ने गरेको पाइन्छ। दाङमा महासङ्घ र त्यस केन्द्रले संयुक्त रूपमा पनि कार्यक्रम गर्ने गरेका छन्। ती कार्यक्रमहरू प्रायः गरेर तालिमभन्दा गोष्ठीहरू हुने गर्दछन्। यस केन्द्रलाई यहाँको व्यक्तिहरूले व्यापारी संस्था पनि भन्ने गरेका छन्। सेवालाई भन्दा पनि व्यापारलाई महत्त्व दिइएको आरोप लगाउँछन् पत्रकारहरू। जस्तो तालिममा एक महिनाको लागि रू. १८००, वाहिरवाट आउनेको लागि एउटा कोठाको २५० रूपैयाँ उठाउँछन् भन्ने गुनासाहरू भेटिए तर उक्त केन्द्रका संयोजक राजनश्री छतकुली भने ती कुराहरू सही भए पनि केन्द्रले सधैंभरि अर्काको भरमा दान माग्नुभन्दा काम वा सुविधा वापतको शुल्क लिएको हो भन्ने तर्क पेश गर्नुहुन्छ। तालिमको प्रशिक्षक भएका

---

१२ शरद के.सी., प्रमोद प्रधान, शिव डोटेल, रञ्जन श्री छतकुली, अमर गिरी, सुशील गौतमसँगको कुराकानीबाट।

र नभएकाहरूका पनि यस केन्द्रप्रति पूर्वाग्रही भएका छन्। स्वयम् प्रशिक्षार्थीहरू पनि शुल्क वढी र सहुलियत कम भएको कुरा स्विकार्दछन।

**निष्कर्ष**

नेपालगञ्ज र दाङको पत्रकारितालाई केलाउँदा मुलभूत दुई कुरालाई ध्यानमा राख्नुपर्ने छ। व्यावसायिक पत्रकारितातर्फ उन्मुख र परम्परागत शैलीतर्फ उन्मुख पुराना पत्रकारहरू। जसरी भएपनि पुरानै तरिकावाटै पत्रिका चलाउनु, त्यसमा परिवर्तन नगर्नेहरू वा नयाँ प्रविधिसँग जुध्न खोजिरहेका छैनन्। उनीहरूवाट पत्रकारिता गरेर खानेभन्दा पनि सोखको रूपमा विंडो थाम्ने काम भएको छ। सायद यस्ता प्रकाशन गृहहरू सोखको रूपमा चलाएकाले उनीहरूले छाडेपछि स्वतः वन्द हुने अवस्थामा छन्। तिनीहरूको परिवारले त्यो पेसा गर्न सक्ने देखिंदैन। अर्का थरिले व्यावसायिकतातर्फ उन्मुख हुन खोज्ने तर प्रविधिसँगै व्यवस्थापन गर्न नसकेर पत्रकारितालाई कछुवा गतिमा हिंडाएका छन्। वजार भए पनि पत्रिकाहरू मनग्गे निस्कन सकेका छैनन् भने निस्केका पत्रिकाहरूले पनि ग्राहक र पाठकको मन जित्न सकेका छैनन्। नेपालगञ्जमा एउटा मात्र दैनिक प्रकाशित भएको छ भने दाङमा पनि हालत त्यस्तै छ। नेपालगञ्जका साप्ताहिकहरू वजारमा प्रतिस्पर्धा गर्न नसकेका कारण प्रेस काउन्सिलको सुविधा लिनलाई निश्चित केही अङ्क मात्र प्रकाशित भएर नाम मात्रको रूपमा चलेका छन्। दाङमा भने केही हदसम्म वजारमा गएर प्रतिस्पर्धा गर्न खोजेका छन्।

यी दुई ठाउँ भौगोलिक हिसावले फरक देखिए पनि पत्रकारिता फस्टाउन नसक्नुमा एकै खालका चुनौतीहरू रहेका छन्। पत्रिकामा लगानी गर्नेहरू वढ्न नसक्नु, मौसमी पत्रिका धेरै हुनु, वजार प्रवर्द्धन गर्न नसक्नु, अस्वस्थ प्रतिस्पर्धा ज्यादा हुनु, पुरानावाट उचित सहयोग नपाउनु, पत्रकारहरूको छवि राम्रो नहुनु, आर्थिक सामाजिक सुरक्षा नहुनु र उचित तालिम र प्रशिक्षणको अभाव हुनु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। पत्रकारितालाई मर्यादित र व्यावसायिक रूपमा लैजान खोजे पनि त्यसो हुन सकेको छैन। पत्रकारिता पेसामा लाग्नेहरूको धुमिल छवि भएका कारण पाठकहरू (स्थानीय) वढ्नुको सट्टा घट्दै गएका छन्। कम मान्छे राखेर जसोतसो मात्र पत्रकारिता धानिएको छ। पत्रकारिता फस्टाउने सम्भावनाहरू प्रशस्त भएपनि त्यतातिर प्रकाशन गृहको ध्यान जान सकेको छैन। मौसमी प्रकाशनलाई निरूत्साहित गर्न दर्ता खारेज गरिनु पर्दछ। आचारसंहितालाई प्रसावकारी वनाउन सकिएमा विकृतिहरू कम सक्छन्। त्यस्तै गरी प्रकाशन सामग्रीलगायत यातायात, हुलाक सेवा र सञ्चारका साधनहरूमा छुट सहुलियत प्राप्त हुनसके पत्रकारितालाई सहयोग पुग्छ। तोकेरै भन्नुपर्दा सरकारी निति नियमहरू क्षेत्रीय पत्रकारितालाई टेवा र सहयोग गर्ने भन्दा हतोत्साही वनाउनेतर्फ केन्द्रित भएको कुरा प्रेस काउन्सिलको वर्गीकरणवाट नै थाहा लाग्छ। त्यस्तै गरेर पत्रिका चलाउनेहरू पनि स्तरीय विषयवस्तु र नयाँ कुरा दिएर पंत्रिका चलाउने भन्दा नामधारी पत्रकार भएर

सरकारी कार्यालय र आर्थिक पक्षका कारोवार हुने कार्यलयहरूमा कमिशनको चक्कर चलाउने काम गर्नमा तल्लीन भएकाले पनि पत्रकारिता वद्नाम भएको छ।

पत्रकारिताको तालिम दिने संस्थाहरूले पत्रकारहरूको सङ्ख्या वढाए पनि गुणस्तरीयता कायम गर्न सकेका छैनन्। तालिमको प्रभावकारीता र कार्यन्वयन पक्ष कस्तो भईरहेको छ भन्ने वारेमा अनुगमन हुन सकेको छैन। त्यस्तै गरेर पत्रकारिताको मातृसंस्था पत्रकार महासङ्घ शाखा कार्यालयहरूले चुनावको वेला मात्र सलवलाउने गर्नाले पत्रकार र त्यस संस्थाको कठिनाइ र अप्ठेराका वारेमा ध्यान दिन नसकेका कारण पनि त्यस्ता संस्थाप्रति वितृष्णा पैदा भएको छ। पत्रकारहरू स्वयं पनि राजनीतिक धारमा विभाजित भएकाले त्यो स्थिति देखिएको हो। तर पनि यी दुवै ठाउँमा पेसाप्रति कटिवद्ध हुनसकेमा पत्रकारिता मौलाउन सक्ने प्रशस्त सम्भावना छन्।

## अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | अजयकुमार गुप्ता | सम्पादक, *आजको सामना* साप्ताहिक |
| २. | आरिफ अन्सारी | कम्प्युटर अधिकृत, क्षेत्रीय सञ्चार स्रोत केन्द्र |
| ३. | उदय श्रेष्ठ | व्यवस्थापक, वागेश्वरी प्रीन्टर्स |
| ४. | ओम जङ्ग राणा | जि.वि.स. सभापति, वाँके |
| ५. | कौशल गुप्ता | व्यवस्थापक, दीप अफसेट प्रेस |
| ६. | गोपी वुढा | सम्वाददाता, *नेपाल समाचारपत्र* |
| ७. | चन्द्रप्रसाद श्रेष्ठ | वजार व्यवस्थापक, *नेपालगञ्ज एक्सप्रेस* |
| ८. | जनक नेपाल | सम्वाददाता, *नेपाल समाचारपत्र* |
| ९. | जनार्दन सुवेदी | स्टेसनरी पसले |
| १०. | जुद्ध के.सी. | प्रतीक विज्ञापन सेवा |
| ११. | जे. पाण्डे | सम्वादाता, *कान्तिपुर* |
| १२. | झलक गैरे | व्यवस्थापक, *वागेश्वरी* टाइम्स |
| १३. | धना ढकाल | विक्री व्यवस्थापक, *नेपालगञ्ज एक्सप्रेस* |
| १४. | ध्रुवकुमार कार्की | सचिव, नेपालगञ्ज, नगरपालिका |
| १५. | पन्नालाल गुप्ता | सम्पादक, *किरण* साप्ताहिक |
| १६. | पीताम्वर कट्टेल | कम्प्युटर अधिकृत, क्षेत्रीय सञ्चार स्रोत केन्द्र |
| १७. | पूर्णलाल चुके | सम्पादक, जनमत अर्ध साप्ताहिक |
| १८. | पुण्य गिरी | सुव्वा, वन कार्यलय |
| १९. | प्रमोद प्रधान | रासस क्षेत्रीय प्रमुख |
| २०. | वद्रीप्रसाद कोइराला | स्थानीय विकास अधिकारी, वाँके |
| २१. | वासुदेव श्रेष्ठ | सम्पादक, उज्यालो साप्ताहिक |
| २२. | विष्णुप्रसाद श्रेष्ठ | प्रकाशक, *नेपालगञ्ज एक्सप्रेस* |
| २३. | विश्वराज आचार्य | पाठक |
| २४. | विधुप्रकाश कायथ्य | प्रकाशक सम्पादक, *नेपालगञ्ज पोस्ट* |
| २५. | विमल झा | भारतीय पत्रिकाको डिलर |
| २६. | विजय गहतराज | प्रशिक्षार्थी पत्रकार |
| २७. | माधव खनाल | *कान्तिपुर* प्रतिनिधि, क्षेत्रीय कार्यालय, |

| | | |
|---|---|---|
| २८. | राजनश्री छतकुली | संयोजक, क्षेत्रीय सञ्चार स्रोतकेन्द्र |
| २९. | लक्ष्मीशरण घिमिरे | सहायक प्र.जि.अ., बाँके |
| ३०. | लक्ष्मी सुवेदी | शिक्षक, पाठक |
| ३१. | लोकनाथ वर्मा | ग्रामदीप साप्ताहिक |
| ३२. | शरद के.सी. | सम्वाददाता, वीवीसी नेपाली सेवा, रेडियो नेपाल |
| ३३. | शङ्कर खनाल | सम्वाददाता, *नेपालगञ्ज एक्सप्रेस* |
| ३४. | श्यामकुमार शर्मा | प्रकाशक सम्पादक, *वागेश्वरी टाइम्स* |
| ३५. | श्यामप्रसाद पन्त | प्रकाशक, *नेपालगञ्ज एक्सप्रेस* |
| ३६. | श्याम चौधरी | हकर |
| ३७. | शिव डोटेल | सम्पादक, नेपालगञ्ज एक्सप्रेस |
| ३८. | शिवकुमार गुप्ता | व्यापारी |
| ३९. | शिरू आचार्य | सम्वाददाता, *वागेश्वरी टाइम्स* |
| ४०. | सुरेश शर्मा | प्रशिक्षार्थी पत्रकार |
| ४१. | शुक्रऋषि चौलागाई | सम्वाददाता, *नेपालगञ्ज एक्सप्रेस* |
| ४२. | सनत रेग्मी | साहित्यकार |
| ४३. | सीताराम विष्ट | सहायक क्याम्पस प्रमुख |
| ४४. | सुस्मिता अधिकारी | सम्वाददाता, स्तम्भकार |
| ४५. | हरिप्रसाद शाह | पाठक |
| ४६. | हरिशङ्कर टण्डन | व्यापारी |
| ४७. | हेमन्त कर्माचार्य | सम्पादक, *कालपृष्ठ* |
| ४८. | ऋषिकेश थापा | प्रशिक्षार्थी पत्रकार |
| ४९. | ज्ञानेन्द्र थापा | पाठक |

## दाङ

| | | |
|---|---|---|
| १. | अमर गिरी | प्रकाशक, *गाउँघर* साप्ताहिक |
| २. | टिकाराम रेग्मी | लेखक |
| ३. | दधिराम सुवेदी | प्रकाशक/सम्पादक, *सरयु* साप्ताहिक |
| ४. | नारायणप्रसाद शर्मा | सम्पादक/प्रकाशक, *नयाँ युगवोध* दैनिक |
| ५. | प्रताप रेग्मी | कार्यकारी सम्पादक, *नयाँ युगवोध* दैनिक |
| ६. | प्रभात रेग्मी | व्यवस्थापक, *गाउँघर* साप्ताहिक |
| ७. | रामप्रसाद पौडेल | प्रकाशक/सम्पादक, *राप्ती सन्देश* अर्धसाप्ताहिक |
| ८. | रामप्रसाद शर्मा | पाठक |
| ९. | सुशील गौतम | सम्पादक, *गाउँघर* साप्ताहिक |
| १०. | सुदर्शन रिजाल | संम्वाददाता, *नयाँ युगवोध* दैनिक |
| ११. | हरिवहादुर खड्का | स्टेसनरी पसले |

## सन्दर्भ सामग्री

अधिकारी, सुस्मिता। २०५८। सामाजिक असमानता विरूद्ध सङ्गठित हुँदैछन् बाँकेका महिलाहरू। *नेपालगञ्ज एक्सप्रेस,* २३ असोज, पृ. १।

अधिकारी, सुस्मिता। २०५८। किताव नपाइँदा पीडित छन् क्याम्पसका विद्यार्थी। *नेपालगञ्ज एक्सप्रेस,* १७ असोज, पृ. ५।

के.सी. शरद। २०५८। लोक लाजको डरले पीडा सहदै मौन बस्छन् नेपाली महिला। *वागेश्वरी टाइम्स,* २० असोज, पृ. १।

खनाल, शङ्कर। २०५८। संरक्षणको पर्खाइमा छ सुर्खेतको शहीद स्मृति पुस्तकालय। *नेपालगञ्ज एक्सप्रेस,* २४ असोज, पृ. १।

खनाल शङ्कर। २०५८। सपना बुन्दै रमाउने बाँकेका बाल श्रमिकहरू। *नेपालगञ्ज एक्सप्रेस,* २१ असोज, पृ. १।

खनाल, शङ्कर। २०५८। औषधी खरिद बिक्रीमा लाखौको भ्रष्टाचार। *नेपालगञ्ज एक्सप्रेस,* १७ असोज, पृ. १।

खान, सिराज। २०५८। आफन्तहरूबाटै बिक्री हुनु परेको पिडा। *नेपालगञ्ज एक्सप्रेस,* २१ असोज, पृ. १।

खड्का, राजकुमार। २०५८। भू-क्षयको सिकार हुँदैछ - खप्तड। *वागेश्वरी टाइम्स,* ११ असोज, पृ. १।

घिमिरे, यमनाथ। २०५८। राप्तीपारिका नेपालीहरूको पीडा। *नेपालगञ्ज एक्सप्रेस,* २५ असोज, पृ. १।

चुके, पूर्णलाल। २०५५ मध्यपश्चिमाञ्चलको पत्रकारिता र वर्तमान चुनौतीहरू। *पत्रकारिता र यसका चुनौतीहरू* (कार्यपत्र सङ्ग्रह)। काठमाडौंः प्रेस काउन्सिल नेपाल।

चौलागाई, शुक्रऋषि। २०५८। ७ करोड महसुल उठाउन बाँकी। *नेपालगञ्ज एक्सप्रेस,* १३ असोज, पृ. ५।

थापा, करुणा। २०५८। बजार र यातायातको अभावले करोडौंको उत्पादन अलपत्र। *नेपालगञ्ज एक्सप्रेस।* १७ असोज, पृ. १।

देवकोटा, नरेन्द्र। २०५८। माइती नेपालद्वारा १ सय ६३ चेलीको उद्धार। *वागेश्वरी टाइम्स,* १७, असोज, पृ. १।

नेपालगञ्ज एक्सप्रेस। २०५८। छब्बीस चेलीबेटी बेचिएकोमा आशङ्का। ११ असोज, पृ. १।

नेपालगञ्ज एक्सप्रेस। २०५८। ९७ जनाको मृत्युपछि इन्सेफलाइटिस नियन्त्रणमा। १२ असोज, पृ. १।

पराजुली, शेखर र भास्कर गौतम। २०५८। प्रिन्ट मिडियामा दलित र जनजाति सहभागिताः राष्ट्रिय सर्वेक्षण। *नेपाली मिडियामा दलित तथा जनजाति।* प्रत्यूष वन्त र शेखर पराजुली, सं. पृ. २१-५६। काठमाडौंः एकता बुक्स।

पाण्डे जे. र रूद्र खड्का। २०५८। भूमिगत जल सिंचाईमा करोडौंको घोटाला। कान्तिपुर, २२, २६, २७ कार्तिक, पृ. ७।

प्रेस काउन्सिल नेपाल। २०५८। *छब्बीसौं वार्षिक प्रतिवेदन।* काठमाडौंः प्रेस काउन्सिल नेपाल।

रेग्मी, टीकाराम। २०५७, (दाङ जिल्लाको पत्रकारिताको सङ्क्षिप्त इतिहास स्मारिका)। सुशील गौतम र अन्य, सं. पृष्ठ २२-२३। दाङः नेपाल पत्रकार महासङ्घ।

शर्मा, विज्ञान। २०५८। वादी महिलाहरूको पनि समाजमा सम्मानसँग बस्ने चाहना। *वागेश्वरी टाइम्स,* ६ असोज, पृ. १।

वागेश्वरी टाइम्स। २०५८। लुम्बिनी कोअपरेटीभका सञ्चालक बेपत्ता। ३१ भदौ, १, २, ३ असोज पृ. १।

वागेश्वरी टाइम्स। २०५८। राजमार्गका कामदार आन्दोलनमा। १५ असोज, पृ. १।

सत्याल, राकेश। २०५८। फाइदै फाइदा बनेको गोवर ग्याँस प्रविधि। *वागेश्वरी टाइम्स,* १८ असोज, पृ. १।

Rajouria, Seema, ed. 2000. *Annual Report 2000: A Comprehensive report of Nepal Press Institute and its two Regional Media Resource Centers.* Kathmandu: Nepal Press Institute.

●